मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक १८० • २०८३ साल जेष्ठ ०५ गते मंगलबार • Tuesday 19, May 2026 • सूर्योदय: बिहान ०५:१६ बजे • सूर्यास्त: साँझ ०६:४७ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## वीरगंजबाट दुर्गा प्रसाईं पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऔँ महाअभियान नेपालका संयोजक एवं मेडिकल व्यवसायी दुर्गा प्रसाईं वीरगंजबाट पक्राउ परेका छन्। उनलाई प्रहरीले वीरगंजस्थित दियालो होटलबाट नियन्त्रणमा लिइएको बताइएको छ। 'माथिको आदेश' भन्दै प्रसाईंलाई पक्राउ गरिएको प्रहरी श्रोतले बताएको छ। उनीमाथि कुन आरोप वा कसुरमा पक्राउ गरिएको हो भन्नेबारे प्रहरीले आधिकारिक जानकारी सार्वजनिक गरेको छैन। प्रहरीले पक्राउको पुष्टि गरेपनि मुद्दाको प्रकृतिबारे आफूहरूलाई समेत स्पष्ट जानकारी नभएको बताएको छ। प्रसाईं सोमबार सिमरा विमानस्थल हुँदै वीरगंज पुगेका थिए। मंगलबार वीरगंजमा आयोजना हुने कार्यक्रममा सहभागी हुन उनी वीरगंज आएका थिए। वीरगंज पुग्ने क्रममा उनले विमानस्थलमै सञ्चारकर्मीसँग प्रतिक्रिया दिएका थिए। पत्रकारहरूसँगको कुराकानीमा प्रसाईंले वर्तमान सरकारमाथि तीव्र आलोचना गरेका थिए। उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केही सांसदप्रति पनि टिप्पणी गरेका थिए। त्यसलगत्तै उनी पक्राउ परेपछि घटनाले राजनीतिक वृत्तमा समेत चर्चा पाएको छ। प्रसाईं पक्राउ परेपछि उनको समर्थक समूहले घटनाबारे चासो व्यक्त गर्न थालेका छन्।

### सर्वोच्चमा 'रिट युद्ध', संसददेखि अदालतसम्म तरंग:

# सपना मल्लको आदेशपछि न्यायपालिका पुन: विवादको केन्द्रमा



**मधेशदृष्टि**
**वीरगंज।**
प्रधानन्यायाधीश नियुक्ति प्रक्रियालाई लिएर सर्वोच्च अदालतभित्र शुरु भएको विवाद अब संसद्, न्यायपालिका र राजनीतिक वृत्तसम्म फैलिएको छ। कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लले दरपीठ गरिएका रिट निवेदन दर्ता गर्न आदेश दिएपछि सर्वोच्च अदालतभित्र अभूतपूर्व तनाव सिर्जना भएको छ भने प्रतिनिधिसभामै यसको चर्को प्रतिवाद भएको छ। उता प्रधानन्यायाधीशमा सिफारिस भएका न्यायाधीश डा. मनोज कुमार शर्माविरुद्ध संसदीय सुनुवाइ समितिमा १६ वटा उजुरी परेपछि नियुक्ति प्रक्रिया थप विवादित बनेको छ।
सोमबार कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लले कानुन बमोजिम दर्ता गर्न आएका सबै रिट निवेदन तथा दरपीठ आदेशविरुद्धका निवेदन समेत दर्ता गर्न आदेश दिँदै मंगलबारका लागि पेशी तोक्न निर्देशन दिएकी हुन्। संवैधानिक परिषद्ले सर्वोच्च अदालतका चौथो बरियताका न्यायाधीश डा. मनोज कुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेपछि उक्त निर्णयविरुद्ध कानुन व्यवसायीहरूले रिट दायर गर्न खोजेका थिए। तर सर्वोच्च प्रशासनले ती रिट दरपीठ गर्दै दर्ता अस्वीकार गरेको थियो।
दरपीठको निर्णयविरुद्ध पुनः रिट दर्ता गर्न खोज्दा पनि मुख्य रजिष्ट्रार कार्यालयले अस्वीकार गरेपछि कानुन व्यवसायीहरू आक्रोशित बनेका थिए। उनीहरूले सर्वोच्च अदालत प्रशासनमाथि न्यायिक प्रक्रियामै हस्तक्षेप गरेको आरोप लगाएका थिए। केही वरिष्ठ कानुन व्यवसायीले प्रत्यक्ष रूपमा कामु प्रधानन्यायाधीश सपना प्रधान मल्ललाई भेटेर गुनासो राखेपछि उनले हस्तक्षेप गर्दै रिट दर्ता गर्न आदेश दिएकी थिइन्।
तर मल्लको आदेशसँगै सर्वोच्च अदालतभित्रै असामान्य परिस्थिति सिर्जना भएको बताइएको छ। प्रशासनबाट दरपीठ गरिएको रिट दर्ता गर्न आदेश आएपछि सर्वोच्च प्रशासनका कर्मचारीहरू कार्यालय छाडेर बाहिरिएका थिए। यस घटनाले सर्वोच्च अदालतभित्र प्रशासनिक र न्यायिक अधिकारबीचको

*बाँकी पृष्ठ २ मा*

## महोत्तरीमा नेपाल–भारत सीमा स्तम्भ मर्मत कार्यको अनुगमन



**मधेशदृष्टि**
**महोत्तरी।**
नेपाल–भारत सीमामा संयुक्त रूपमा सञ्चालन भइरहेको सीमा स्तम्भ (पिलर) मर्मत तथा संरक्षण कार्यको महोत्तरीमा स्थलगत अनुगमन गरिएको छ। सोमबार इन्द्रदेव यादव सहित नेपाली तथा भारतीय सुरक्षा निकायका प्रतिनिधिहरूले सीमा क्षेत्रमा पुगेर मर्मत कार्यको निरीक्षण गरेका हुन्।
अनुगमनका क्रममा जीर्ण, क्षतिग्रस्त तथा हराउन थालेका सीमा स्तम्भहरूको पहिचान गरी पुनः मर्मत तथा व्यवस्थित गर्ने काम भइरहेको जानकारी दिइएको छ। दुवै देशका प्राविधिक टोलीको समन्वयमा सीमा स्तम्भको मापन, रङरोगन तथा आवश्यक संरचनात्मक सुधारको कार्य अघि बढाइएको बताइएको छ।
प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले सीमा स्तम्भ संरक्षणले सीमा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने बताए। उनले यस्ता कार्यले सीमा क्षेत्रमा हुन सक्ने विवाद तथा अतिक्रमण नियन्त्रणमा समेत सहयोग पुग्ने धारणा राखे।
उनका अनुसार नेपाल–भारतबीचको मैत्रीपूर्ण सम्बन्धलाई सुदृढ बनाउन संयुक्त रूपमा भइरहेको सीमा संरक्षण कार्य महत्वपूर्ण छ। साथै सीमा क्षेत्रको शान्ति, सुरक्षा र प्रशासनिक समन्वयलाई मजबुत बनाउन स्थानीय प्रशासन, सुरक्षा निकाय तथा प्राविधिक टोली निरन्तर सक्रिय रहेको उनले बताए।
अनुगमनमा सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी, नापी कार्यालयका प्रतिनिधि तथा भारतीय सुरक्षा निकायका अधिकारीहरूको सहभागिता रहेको थियो।

### दुर्गा प्रसाईंको आक्रोश:

# गरिबलाई सडकमा पुऱ्याइयो, 'यो व्यवस्था फेर्नुपर्छ' सरकारदेखि दल र सुरक्षानिकायसम्म कडा प्रहार !




**हरिशंकर शर्मा**
**वीरगंज।**
नागरिक बचाऔं महाअभियानका संस्थापक एवं सामाजिक अभियन्ता दुर्गा प्रसाईंले वर्तमान राजनीतिक व्यवस्था, सरकार, पुराना राजनीतिक दल र राज्य संयन्त्रप्रति तीव्र असन्तुष्टि व्यक्त गर्दै 'यो व्यवस्था नै फेर्नुपर्ने अवस्था आएको' बताएका छन्। वीरगंज आउने क्रममा सिमरा एयरपोर्टमा टिबी वीरगंजका संचालक एवं पत्रकार धुरव साहसँगको संवादमा उनले आफू सरकारको होइन, 'नागरिक र उत्पीडित वर्गको मान्छे' भएको दाबी गर्दै सुकुम्बासी, सहकारी पीडित, लघुवित्त पीडित र विस्थापित जनताको पक्षमा आन्दोलन जारी रहने घोषणा गरे।
प्रसाईंले अहिलेको राज्य प्रणालीकै कारण हजारौं नागरिक भूमिहीन र विस्थापित बन्न बाध्य भएको आरोप लगाए। सहकारी, लघुवित्त र बैंकिङ प्रणालीका कारण सर्वसाधारण सडकमा पुगेको उल्लेख गर्दै उनले राज्यको आर्थिक नीति असफल भएको दाबी गरे।
'व्यापार–व्यवसाय बिग्रियो, जनताको घरबार गयो, तर सरकार जनताको पक्षमा उभिन सकेन,' उनले भने। वीरगंज, कलैया लगायत मधेशका विभिन्न क्षेत्रमा भइरहेको संरचना हटाउने अभियानप्रति आक्रोश व्यक्त गर्दै प्रसाईंले रातिको समयमा सेना र प्रहरी परिचालन गरेर घर भत्काउनु अमानवीय भएको टिप्पणी गरे। 'महाभारतको युद्धमा समेत सूर्यास्तपछि लडाइँ रोकिन्थ्यो, तर यहाँ जनताको घरमा राति डोजर चलाइयो,' उनले भने। सडक विस्तार आवश्यक भएपनि जनतालाई आतंकित पार्ने शैली अस्वीकार्य भएको उनको भनाइ थियो।
उनले आफूलाई वीरगंज आउन पटक–पटक रोकिएको दाबी गर्दै राज्यले राजनीतिक पूर्वाग्रहका आधारमा आफ्नो गतिविधि नियन्त्रण गर्न खोजेको आरोप लगाए। 'पहिलोपटक पूजा गर्न आउँदा रोकियो, दोस्रोपटक पनि रोकियो, अहिले मात्रै आउन पाएँ,' उनले भने। आफू आन्दोलनका कारण चुनावी राजनीतिमा नगएको उल्लेख गर्दै उनले 'संसद्भन्दा सडकको प्रतिपक्ष बलियो हुनुपर्छ' भन्ने धारणा राखे।
प्रसाईंले संसद् र पुराना राजनीतिक दलप्रति पनि कटाक्ष गरे। उनले सदन जनताको आवाज उठाउने थलो नभई 'चुम्बन र सत्ताको खेल हुने ठाउँ' बनेको टिप्पणी गरे।
प्रचण्ड, केपी शर्मा ओली र शेरबहादुर देउवामाथि गरिबविरोधी राजनीति गरेको आरोप लगाउँदै उनले 'पुराना दलहरूको रिस गरिबमाथि पोखिएको' दाबी गरे। घर भत्काउने, सुकुम्बासी विस्थापित गर्ने र साना व्यवसायीलाई संकटमा धकेल्ने काम राज्यकै योजनाअनुसार भइरहेको उनको आरोप थियो।
उनले वैदिक सनातन हिन्दू राष्ट्र र राजसंस्थाको पुनःस्थापनाबिना देशमा स्थायित्व सम्भव नभएको दाबी गरे। 'राजा बिना देश रहँदैन,' भन्दै उनले वर्तमान संघीय लोकतान्त्रिक व्यवस्थाले राष्ट्रलाई अस्थिरता, भ्रष्टाचार र अराजकतामा धकेलेको टिप्पणी गरे। राष्ट्रियता, धर्म र परम्परागत संरचनाको पुनःस्थापनाले मात्र देशको उन्नति सम्भव हुने उनको भनाइ थियो।
सुरक्षानिकायमाथि पनि प्रसाईंले आक्रोश पोखेका छन्। नेपाली सेना सीमामा खटिनुपर्नेमा सर्वसाधारणका घर भत्काउन प्रयोग गरिएको भन्दै उनले असन्तुष्टि जनाए। 'लिम्पियाधुरा र कालापानीमा हुनुपर्ने सेना अहिले सुकुम्बासीको घर भत्काउन प्रयोग

*बाँकी पृष्ठ २ मा*

## जसपा–लोसपा एकीकरणपछि मधेशमा संसदीय दलको नेतामै विवाद



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा नेपाल)बीच पार्टी एकता भएपछि मधेश प्रदेशमा संसदीय दलको नेतृत्वलाई लिएर नयाँ विवाद सुरु भएको छ। दुवै पक्षका नेताले आफू नै संसदीय दलको आधिकारिक नेता भएको दाबी गरेपछि प्रदेशसभा गतिविधि नै प्रभावित बनेको हो।
दुवै पार्टीबीच २०८२ पुस २७ गते एकीकरण गर्ने सहमति भएको थियो। एकीकरणपछि पार्टीको नाम जसपा नेपाल नै कायम राखिएको थियो। तर प्रदेशसभामा दलको नेता को हुने भन्ने विषयमा सहमति नजुट्दा राजनीतिक अन्योल बढेको छ।
गत शुक्रबार मुख्यमन्त्री कृष्णप्रसाद यादवले लिन लागेका विश्वासको मतसमेत यही विवादका कारण प्रभावित भयो। सदन सञ्चालनअघि बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा तत्कालीन जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादव र तत्कालीन लोसपा नेपालका नेता जितेन्द्र सोनल दुवैले आफू नै एकीकृत दलको नेता भएको दाबी गरेका थिए।
बैठकमा दुवै नेताले सभामुखसमक्ष आफ्ना लागि छुट्याइएको आसन र हैसियतबारे प्रश्न उठाएपछि सदनको वातावरण तनावपूर्ण बनेको थियो। दलको नेताको विषय टुंगो नलागेपछि मुख्यमन्त्रीको विश्वासको मत लिने प्रक्रिया पनि आगामी शुक्रबारसम्मका लागि सारिएको छ।
यसैबीच, जसपा नेपालले बुधबार मधेश प्रदेश संसदीय दलको नेता चयन गर्ने तयारी गरेको छ। नेता सरोजकुमार यादवले विवाद समाधानका लागि दुवै पक्षबीच छलफल हुने जानकारी दिएका छन्। उनका अनुसार सहमतिबाट नेतृत्व चयन हुन नसके निर्वाचनमार्फत दलको नेता तय गरिनेछ।
स्रोतका अनुसार संसदीय दलको नेताका लागि पूर्वमुख्यमन्त्री सरोजकुमार यादव, लालबाबु राउत तथा जितेन्द्र सोनल बीच प्रतिस्पर्धा हुन सक्ने चर्चा छ। पार्टी एकीकरणपछि मधेश प्रदेशसभामा जसपा नेपाल सबैभन्दा ठूलो दल बनेको छ। तत्कालीन जसपा नेपालका १८ र लोसपा नेपालका ८ सांसद जोडिँदा दलको संख्या २६ पुगेको छ। निलम्बनमा रहेका दुई सांसदलाई समेत जोड्दा संख्या २८ पुग्ने बताइएको छ।
प्रदेशसभामा दोस्रो ठूलो दल केपी शर्मा ओली नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २४ सांसद छन् भने नेपाली कांग्रेसका २२ सांसद रहेका छन्। त्यस्तै नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का १४ र जनमत पार्टी का १२ सांसद रहेका छन्।

# गुनासो सम्बोधनमा ऊर्जा मन्त्रालयको सक्रियता, १० हजारभन्दा बढी गुनासो सम्बोधन



**काठमाडौँ।**
गुनासो लिने मात्रै होइन समाधान पनि गर्ने उद्देश्यका साथ ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले हटलाइन नम्बर ११५१ लाई थप प्रभावकारी बनाएको छ।

मन्त्रालयले पछिल्लो समय सेवा प्रवाहमा नयाँ अभ्यास सुरु गरेको र त्यसलाई थप प्रभावकारी बनाएको जनाएको छ । ऊर्जामन्त्री विराज भक्त श्रेष्ठले पदभार सम्हालेलगत्तै 'गुनासो सुन्ने र तुरुन्त सम्बोधन गर्ने' शैलीलाई प्राथमिकतामा राखेपछि मन्त्रालय र मातहतका निकायहरू थप सक्रिय देखिएका छन्।

मन्त्री श्रेष्ठको निर्देशनपछि विद्युत् सेवासँग सम्बन्धित 'हटलाइन नम्बर' ११५१ लाई थप प्रभावकारी बनाइएको छ। चौबिसै घण्टा सञ्चालनमा रहने उक्त हटलाइन अब केवल गुनासो टिप्ने माध्यममा सीमित छैन, बरु समस्या समाधानको प्रत्यक्ष संयन्त्रका रूपमा विकास गरिएको मन्त्रालयले जनाएको छ।

सेवाग्राहीका 'फोन', 'ह्वाट्सएप', 'इमेल'देखि 'हेलो' सरकारसम्म आएका गुनासोलाई तत्काल सम्बन्धित निकायसँग समन्वय गरी समाधान गर्ने प्रणालीलाई परिणाममुखी बनाइएको छ।

मन्त्री श्रेष्ठको सचिवालयले यसलाई नियमित प्रशासनिक प्रक्रियाभन्दा उत्तरदायी एवम् जवाफदेही ढङ्गले अघि बढाएको छ।

मन्त्री श्रेष्ठका प्रमुख स्वकीय सचिव सञ्जीव महर्जन र स्वकीय सचिव राजा शाक्य स्वयम् जनसरोकारका विषय सम्बोधन गर्न सम्बिन्धत निकायसँगको समन्वयमा खटिँदै आएका छन् । मन्त्रालयमा प्राप्त गुनासो सम्बन्धित निकायसम्म पु¥याउने मात्र होइन, समाधानको अवस्थामा पु¥याउने अभ्यास सचिवालयले थालेको छ।

मन्त्रालयका अनुसार गत चैत १५ गतेयता मात्रै हटलाइन र अन्य माध्यमबाट १० हजार ३९२ भन्दा बढी गुनासो प्राप्त भएका छन् । गत चैत १५ गते चैत ३० गतेसम्मको अवधिमा फोनमार्फत चार हजार २४८, ह्वाट्स एपबाट १४, इमेलबाट दुई तथा हेलो सरकारमार्फत पाँच वटा गुनासो प्राप्त भएका थिए।

गत वैशाख महिनाभर फोनमार्फत छ हजार २६, ह्वाट्स एपबाट ९२ र इमेलबाट १० वटा उजुरी दर्ता भएका छन् । यसबाहेक लिखित रूपमा आएका २०० भन्दा बढी निवेदन तथा सञ्चारमाध्यममा प्रकाशित जनसरोकारका विषयलाई समेत सचिवालयले निगरानीमा राख्दै समाधान प्रक्रिया अघि बढाएको जनाएको छ।

प्राप्त अधिकांश गुनासो विद्युत् सेवासँग सम्बन्धित छन् । विशेषगरी विद्युतीय दुर्घटना, विद्युत् लाइन अवरुद्ध, ट्रान्सफर्मर बिग्रिने, कम भोल्टेज, विद्युत् प्रसारण तथा वितरण लाइन लत्रिने, विद्युत्का टावर तथा पोल ढल्ने, पोल स्थानान्तरण गर्नुपर्ने, तारमा आगलागी हुने, मिटर नपाउने, पोल नपाउने, मिटर रिडिङमा समस्या, इभी चार्जिङमा समस्या, सिँचाइमा समस्यालगायत विभिन्न सेवा प्रवाहमा हुने ढिलासुस्तीका विषय प्रमुख रूपमा उठेका थिए।

कतिपय घटनामा मन्त्रालयको प्रत्यक्ष सक्रियता देखिएको छ । बाँकेको चिसापानी क्षेत्रमा कोहलपुर–सुर्खेत १३२ केभी प्रसारण लाइनअन्तर्गत दुई वटा टावर ढल्दा कर्णाली प्रदेशको विद्युत् आपूर्ति प्रभावित बनेको घटनामा मन्त्रालयले तत्काल समन्वय गरी सेवा पुनर्निर्माणमा प्राथमिकतामा दिँदै छानबिनसमेत अघि बढेको छ।

त्यसैगरी, चट्याङका कारण ट्रान्सफर्मरमा क्षति पुग्दा स्याङ्जाको वालिङ र भिरकोट नगरपालिका क्षेत्रमा अवरुद्ध विद्युत् सेवा करिब ६५ घण्टापछि पुनः सञ्चालनमा ल्याइएको थियो।

काठमाडौँको स्वयम्भू क्षेत्रमा वर्षौंदेखि सडकको बीच भागमा ठडिएका पोल स्थानान्तरणको विषय पनि मन्त्रालयमा पुगेको जनगुनासोमध्ये एक थियो । स्थानीय तह, विद्युत् प्राधिकरण र सम्बन्धित निकायबीच समन्वय गरी त्यसलाई समाधान भएको सचिवालयले जनाएको छ।

ऊर्जा मन्त्रालयले पछिल्लो समय अवलम्बन गरेको यो शैलीले 'सुनुवाइ हुने सरकारसँगको अनुभूति दिलाउने प्रयास गरेको छ।

गुनासो दर्ता गरेर महिनौँ कुर्नुपर्ने प्रवृत्तिभन्दा फरक, तत्काल प्रतिक्रिया र प्रत्यक्ष अनुगमनको अभ्यासले सार्वजनिक सेवा प्रवाहमा सुधार तथा सेवाग्राहीमा भरोसा बढाउने अपेक्षा गरिएको छ। रासस

## संवैधानिक बन्देजका बाबजुद

# संसद्मा कावा प्रधानन्यायाधीशको विरोध

**काठमाडौँ।**
प्रस्तावित प्रधानन्यायाधीशको सिफारिसविरुद्ध परेको रिट दर्ता गर्न कार्यवाहक प्रधानन्यायाधीश सपना प्रधान मल्लले दिएको आदेशलाई लिएर व्यवस्थापिका र न्यायपालिकाबीचको टकराव प्रतिनिधिसभामा छताछुल्ल भएको छ।

प्रतिनिधिसभाको बैठकमा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले कामु प्रधानन्यायाधीश मल्लको कदम र उनको सार्वजनिक अभिव्यक्तिलाई लिएर आपत्ति जनाएका छन् । न्यायाधीशहरूको कामकारबाही र अदालतमा विचाराधीन मुद्दामा संसद्मा प्रश्न उठाउन नपाइने संवैधानिक बन्देजका बाबजुद रास्वपा सांसदहरू संसदमै न्यायाधीशविरुद्ध खनिएका हुन्।

कामु प्रधानन्यायाधीश मल्लले संवैधानिक परिषद्को निर्णयअनुसारचौथो वरीयताका न्यायाधीश डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीश बनाउने सिफारिसविरुद्ध सर्वोच्च प्रशासनले दरपिठ गरेका रिटहरू तत्काल दर्ता गर्न आदेश दिएपछि यो विवाद चर्किएको हो । संसद्मा रास्वपाका सांसदद्वय समीक्षा बाँस्कोटा र यज्ञमणि न्यौपानेले अदालतले आफ्नो सीमा नाघेको आरोप लगाए।

'बैठकमा बोल्दै रास्वपा सांसद समीक्षा बाँस्कोटाले कामु प्रधानन्यायाधीश मल्लले कानुन दिवसका अवसरमा दिएको 'लडाईं अझै बाँकी छ' भन्ने अभिव्यक्तिप्रति लक्षित गर्दै भनिन्, राजनीति नै गर्न खोज्नुभएको हो भने कोट खोलेर मैदानमा आउनुहोला, हामी तयार छौँ।"

रास्वपाकै अर्का सांसद एवं अधिवक्ता यज्ञमणि न्यौपानेले पनि कामु प्रधानन्यायाधीश मल्लको आदेशप्रति आपत्ति जनाउँदै न्यायिक सक्रियता बढेको टिप्पणी गरे।

यसैबीच, एमालेका प्रमुख सचेतक ऐन महरले नियमापत्ति जनाउँदै रास्वपा सांसदहरूको भनाइ संविधानविपरीत रहेको भन्दै संसद्को ध्यानाकर्षण गराए । तर न्यायाधीशहरूको कामकारबाही र अदातलमा विचाराधीन विषयमा प्रश्न उठाउन नपाइने संवैधानिक व्यवस्था छ। रासस


## "नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजतपत्रप्राप्त वित्तिय संस्था"

## गैर बैकिंग अचल सम्पत्ति शिलबन्धि लिलाम बिक्री सम्बन्धी सातदिने अत्यन्त जरुरीसूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बरको गोप्य शिलबन्दी बोलपत्र लिलामद्धारा बिक्री गरिने हुदाँ उक्त अचल सम्पत्तिलिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी, फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचनाप्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त७ (दिन) दिनभित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दीबोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ ।

**तपसिल**

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा ,बर्वागोग ६ (हाल वीरगंज म.न.पा. वडा नं. १९) | १५ | ६०९.५१ (०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११७ | १०१.५८ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११८ | २२८.०३ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | २९० | ७३०.०० |
| प्रसौनि विर्ता ०२,पर्सा | २५२ | ००३३८.६३ |
| प्रसौनि विर्ता ०४,पर्सा | ६९<br>७१ | ०१३५.३०<br>००३४.०० |
| प्रसौनि विर्ता ०७,पर्सा | २८९ | ००९६.५० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १५४२ | ०-०-१० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३४ | ०-४-११-१/४ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १०९७ | ०-९-२.५ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३३ | ०-४-११.२५ |
| हरिवन वडा नं. ०८(क) ,सर्लाही | १० | ०-१९-५ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४४ | ०-१-७ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४३ | ०-१-० |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ९३७ | ०-१-३ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | २८० | ०-११-८ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८० | ०-५-११ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८१ | ०-५-१० |
| हरिपुर वडा नं. ०६(क) ,सर्लाही | १९९ | ०-८-० |
| वि.उ.म.न.पा. वडा नं. १५,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.१२) | २३ | ३२१.६० |
| लिपनिबिर्ता वडा नं.०६,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.२१) | ५५ | ८८.७५ |
| फाखेल वडा नं. ०१ ,मकवानपुर | ३७ | १-५-०-०(रोपनी) |
| बनकटवा ०५,पर्सा | २२७ | ०-८-१०-० |
| बनकटवा ०५,पर्सा | २२१ | ०-६-१०-० |
| बनकटवा ०५,पर्सा | ६९ | ०-४-६-८ |
| बनकटवा ०५ ,पर्सा | १११ | ०-०-९-१२.५ |
| बनकटवा ०५ ,पर्सा | १०८ | ०-१-१७-८ |
| वीरगंज १५ ,पर्सा | २२०<br>२०० | ०००८०.८०<br>०००८८.५० |
| मुडली नौ.त.ज. ०७, पर्सा | ६७१ | ००९०१.८४ |
| मुडली नौ.त.ज. ०७, पर्सा | ६३९ | ००८३७.०० |
| हरिहरपुर ०१ ,पर्सा | ३७७ | २५७०.०० |
| पोखरिया वडा नं ०९,पर्सा | ९३ | १२७० व.मि. |
| बसन्तपुर वडा नं ०६,पर्सा | २३५ | ०-०-७-४ |
| बसन्तपुर वडा नं. ०६,पर्सा | ४८९ | ०-२-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | २११ | ०-४-०-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | ६२६ | ०-२-२-८ |
| सखुवाप्रसौनी ०१,पर्सा | ३२ | २१२०.०० |
| धोरे ०२,पर्सा | ८१<br>११६<br>११८<br>१५० | ०-१-२-८<br>०-०-१०-०<br>०-०-५-०<br>०-०-७-८ |

**शिलबन्दीलिलामबिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामावाविकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वाबित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३५(पैतिस) दिनभित्रबाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत:जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वानखुलाई उक्तबोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ जेष्ठ ११ गते सोमवार दिउँसो ४:०० बजे सम्म**
**शिलबन्दी बोलपत्र खोलिने मितिः २०८३ जेष्ठ १२ गते मंगलबार दिउँसो ४:०० बजे देखि**
**बोलपत्रखोलिने स्थानः केन्द्रिय कार्यालय, गिता मन्दिर रोड, बीरगन्ज, पर्सा ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजतपत्रप्राप्तवित्तिय संस्था

प्रधानकार्यालयः
गीतामन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयःबसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर), बर्दिबास(महोत्तरी) ,बरहथवा (सर्लाही) ।


# सर्वोच्चमा 'रिट युद्ध', संसददेखि...

टकराव सतहमै आएको देखिएको छ । सर्वोच्च अदालतको इतिहासमै न्यायिक प्रशासन यसरी खुला विवादमा तानिनु दुर्लभ मानिएको छ।

उक्त घटनाले संसद्मा समेत प्रतिध्वनि पैदा गरेको छ । प्रतिनिधिसभाको सोमबारको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद यज्ञमणि न्यौपानेले विशेष समय लिएर कामु प्रधानन्यायाधीश मल्लको कदममाथि कडा आपत्ति जनाए । अधिवक्तासमेत रहेका न्यौपानेले अदालतको स्थापित प्रशासनिक तथा न्यायिक अभ्यासविपरीत रिट दर्ता गर्न आदेश दिइएको दाबी गर्दै यसले न्यायपालिकाको संस्थागत विश्वसनीयतामाथि प्रश्न उठाएको बताए।

उनले अदालतभित्रको प्रक्रिया, अधिकारक्षेत्र र प्रशासनिक सीमाको ख्याल नगरी गरिएको हस्तक्षेपले न्यायालयलाई थप विवादमा धकेल्ने चेतावनी दिए । सर्वोच्च अदालतभित्रै प्रशासनिक संरचना र न्यायिक नेतृत्वबीच अविश्वास बढ्दै गएको संकेत यस घटनाले दिएको उनको भनाइ थियो।

यता विवादको केन्द्रमा रहेका प्रस्तावित प्रधानन्यायाधीश डा. मनोज कुमार शर्माविरुद्ध संसदीय सुनुवाइ समितिमा १६ वटा उजुरी परेको खुलेपछि नियुक्ति प्रक्रिया थप पेचिलो बनेको छ । संसदीय सुनुवाइ समितिले वैशाख २५ गते उजुरी आह्वान गरेको थियो । सोमबारसम्म उजुरी दर्ता गर्न सकिने समयसीमा तोकिएकोमा शर्माविरुद्ध उल्लेख्य संख्यामा उजुरी परेका हुन्।

सुनुवाइ समितिले मंगलबारदेखि ती उजुरीमाथि अध्ययन शुरु गर्ने तयारी गरेको छ । उजुरीहरूमा न्यायिक आचरण, वरिष्ठताको विवाद, निर्णय क्षमतादेखि न्यायिक निष्पक्षतासम्मका विषय उठाइएको बताइएको छ । यद्यपि उजुरीहरूको विस्तृत विवरण सार्वजनिक गरिएको छैन।

गत वैशाख २४ गते संवैधानिक परिषद्को बैठकले चौथो बरियताका न्यायाधीश शर्मालाई प्रधानन्यायाधीशमा नियुक्तिका लागि सिफारिस गरेको थियो। उक्त सिफारिसपछि वरिष्ठताक्रम मिचिएको भन्दै कानुन व्यवसायी तथा न्यायिक वृत्तमा तीव्र असन्तुष्टि देखिएको थियो। अहिले त्यो असन्तुष्टि अदालतभित्रको 'रिट युद्ध' मा परिणत भएको छ।

प्रधानन्यायाधीश नियुक्तिजस्तो संवेदनशील विषयमा सर्वोच्च अदालतभित्रै प्रशासनिक अस्वीकार, न्यायिक हस्तक्षेप, संसद्को आपत्ति र सार्वजनिक विवाद एकसाथ सतहमा आउनुले नेपालको न्यायपालिका गम्भीर संकटको मोडमा पुगेको संकेत गरेको छ।

न्यायपालिकालाई निष्पक्ष, स्वतन्त्र र विश्वसनीय संस्थाका रूपमा हेर्ने जनविश्वास कमजोर भइरहेका बेला यो घटनाक्रमले अदालतभित्रको शक्ति संघर्षलाई झन् छताछुल्ल बनाएको विश्लेषण हुन थालेको छ।

# दुर्गा प्रसाईंको आक्रोशः...

भइरहेको छ,' उनले भने । सेना राष्ट्रिय गौरवको प्रतीक भएको उल्लेख गर्दै राजनीतिक स्वार्थका लागि परिचालन हुनु दुःखद भएको टिप्पणी गरे।

प्रसाईंले प्रहरी र सेनाले प्रधानमन्त्रीलाई खुसी पार्न '¥याप गीत गाउने अवस्था आएको' भन्दै राज्य संयन्त्रको गरिमा खस्किएको आरोप लगाए। 'देश बन्दैछ भनेर गीत गाउने काम सुरक्षानिकायको होइन,' उनले भने।

वर्तमान सरकारले देश सञ्चालन गर्न नसकेको र जनताको विश्वास गुमाइसकेको दाबी पनि उनले गरे ।मधेशका जनताको पीडालाई राजनीतिक रूपमा प्रयोग गरिएको आरोप लगाउँदै उनले मधेशी जनतापनि समान नेपाली नागरिक भएको बताए । 'राजनीतिका लागि मधेशी भनेर विभाजन गरियो,' उनले भने । सम्पूर्ण नेपालीलाई एकताबद्ध भएर राष्ट्र, धर्म र नागरिक अधिकारको पक्षमा उभिन उनले आह्वान गरे।

आफ्नो अभियान कुनै हालतमा नरोकिने चेतावनी दिँदै प्रसाईंले देशभर आन्दोलनलाई तीव्र बनाउने घोषणा गरेका छन्। उनले वीरगंजस्थित गहवा माई मन्दिरमा उपस्थित भएर आन्दोलनलाई समर्थन गर्नसमेत सर्वसाधारणलाई आह्वान गरेका छन्।

# रास्वपाका क्षेत्रीय सभापति मिश्रमाथि आक्रमण



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्सा क्षेत्र नं. ४ का सभापति जितेन्द्र मिश्र माथि आइतबार राति अज्ञात समूहले आक्रमण गरेको छ। क्षेत्र अन्तर्गतको छिपहरमाई गाउँपालिका वडा नं. २ टिहुकीमा आयोजित वडा अधिवेशनमा सहभागी भएर वीरगंज फर्कने क्रममा कालिकामाई गाउँपालिका वडा नं. १ स्थित मुडली पुल नजिक उनीमाथि आक्रमण भएको हो।

घटना आइतबार राति करिब ८ बजे भएको बताइएको छ। आक्रमणका क्रममा मिश्र सवार बिइबी ५७८१ नम्बरको गाडीमा तोडफोड गरिएको प्रहरीले जनाएको छ । अज्ञात समूहको आक्रमणबाट गाडीको अगाडिको सिसा फुटेको भए पनि मिश्र सकुशल रहेका छन्। इलाका प्रहरी कार्यालय पोखरिया का प्रहरी निरीक्षक प्रदिप पौडेलले घटनामा संलग्न व्यक्तिहरूको खोजी कार्य भइरहेको बताए । संलग्नहरूको पहिचान भइसकेको भए पनि उनीहरू फरार रहेकाले पक्राउ गर्न नसकिएको हो। पार्टी भित्रकै द्वन्दको कारण आक्रमण भएको हुन सक्ने अनुमान छ।

यसैविच पार्टीका नेतामाथि लक्षित गरी भएको आक्रमणप्रति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साका सभापति तथा पर्सा निर्वाचन क्षेत्र नं. १ का सांसद बद्धिप्रसाद पन्तले कडा निन्दा गरेका छन् । उनले प्रहरीले तत्काल दोषीहरूलाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिएका छन्।

# इमृती नदी पुनः निर्माण कार्यको शिलान्यास

**मधेशदृष्टि**
**कलैया।**
कलैया उपमहानगरपालिका–२७ बरवास्थित बिजुलपुरदेखि बरवा जोड्ने इमृती नदी पुनःनिर्माण कार्यको शिलान्यास गरिएको छ। पूर्वमन्त्री ज्वाला साह र वडा नं. २७ का वडाध्यक्ष अशोक कुमार तिवारीले संयुक्त रूपमा निर्माण कार्यको शिलान्यास गरेका हुन्।

आर्थिक वर्ष २०८२÷०८३ अन्तर्गत मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयबाट विनियोजित बजेटमार्फत पूर्वाधार विकास कार्यालय कलैया, बाराले उक्त आयोजना निर्माण गर्न लागेको जनाएको छ। वर्षौंदेखि जीर्ण अवस्थामा रहेको नदी संरचनाको पुनःनिर्माणपछि स्थानीयवासीको आवतजावत सहज हुने अपेक्षा गरिएको वडाध्यक्ष तिवारीले बताए।

करिब एक करोड रुपैयाँ लागतमा निर्माण हुन लागेको आयोजनाले स्थानीय बासिन्दाको दैनिक आवतजावत सहज बनाउनुका साथै क्षेत्रीय विकास, व्यापारिक गतिविधि विस्तार तथा सामाजिक पहुँच अभिवृद्धिमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

# लाइन सुधार तथा नयाँ तार तान्ने क्रममा
## वीरगंजको विभिन्न क्षेत्रमा ७ घण्टा विद्युत अनियमित

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल विद्युत् प्राधिकरण अन्तर्गतको वीरगंज वितरण केन्द्रले लाइन सुधार तथा नयाँ तार तान्ने कार्यका कारण वीरगंजका विभिन्न क्षेत्रमा सोमबार करिब ७ घण्टा विद्युत् सेवा अनियमित भएको छ।

वितरण केन्द्रले सार्वजनिक गरेको सूचनाअनुसार वीरगंजको ब्रह्म चौकदेखि भानु चौकसम्म मेन बाइपास रोडको पश्चिमपट्टि नयाँ तार तान्ने कार्य भएकोले विद्युत सेवा अनियमित भएको हो । साथै परवानीपुर ग्रिडबाट प्रसारण हुने कृषि, डाबर, सिमरा तथा गण्डक फिडरमा पनि लाइन सुधारको काम गरिने बताइएको छ। कामका लागि सोमबार बिहान ११ बजेदेखि साँझ ६ बजेसम्म विद्युत् सेवा प्रभावित हुने प्राधिकरणले पहिला नै जानकारी गराएको थियो।

ब्रह्म चौक, भानु चौक, रामटोल तथा लिङ्क रोड आसपासका क्षेत्रमा विद्युत् आपूर्ति अनियमित रहने वितरण केन्द्रले जनाएको छ।

# अग्निपीडित १२ परिवारलाई राहत वितरण

**मधेशदृष्टि**
**सप्तरी।**
नेपाल–भारत मैत्री संघ केन्द्रीय कार्यालयको सहयोग तथा जिल्ला शाखा सप्तरीको समन्वयमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–६ बभनगामा टोलका अग्निपीडित १२ परिवारलाई राहत सामग्री वितरण गरिएको छ।

संस्थाले पीडित परिवारलाई हन्डी, कराही, थाली, ग्लास, कर्छुल, छोलनी, कठौत, ससपेन, १२ पिस झुल तथा साडी लगायतका दैनिक उपयोगका सामग्री राहतस्वरूप उपलब्ध गराएको जनाएको छ । कार्यक्रममा बोल्दै संघकी केन्द्रीय सदस्य करुणा झाले विपद् तथा प्रकोपबाट जोगिन जनचेतना अभिवृद्धि आवश्यक रहेको बताइन् । उनले विशेषगरी विद्युत् सुरक्षाप्रति सजग रहन स्थानीयलाई आग्रह गरिन् । संघका जिल्ला अध्यक्ष मनोज कुमार मुन्धडाले अग्निपीडित परिवारलाई थप राहत तथा सहयोग उपलब्ध गराउन संघ निरन्तर प्रयासरत रहने बताए।

अग्निपीडित रामअवतार यादव ले घर पुनर्निर्माणका लागि आवश्यक खम्बा तथा अन्य सामग्री व्यवस्थापनमा सहयोग गरिदिन विभिन्न संघसंस्था र सरोकारवालासँग अपिल गरेका छन् । गत वैशाख २६ गते साँझ करिब ७ बजे वडा नम्बर ६ मा रामअवतार यादवको घर नजिक विद्युत् तार सर्ट भई अचानक आगलागी भएको थियो । आगोले भीषण रूप लिँदा १२ परिवारका घरमा ठूलो क्षति पुगेको स्थानीयले बताएका छन्।

मनोज कुमार मुन्धडा को अध्यक्षतामा सम्पन्न कार्यक्रममा संघकी केन्द्रीय सदस्य करुणा झा, उपाध्यक्ष ओमप्रकाश साह, छिन्नमस्ता अस्पताल का प्रतिनिधि दिपेन्द्र यादव, पत्रकार तथा मानवअधिकारकर्मी नविन यादव लगायतको उपस्थिति रहेको थियो।

# भारतीय रिजर्भ बैंकले फरेक्स एक्सचेन्ज काउन्टर संचालनमा ल्याउने

**मधेशदृष्टि**
**रक्सौल।**
सिमावर्ती भारतीय सहर रक्सौलमा भारतीय रिजर्भ बैंक (आरबीआइ) ले विदेशी मुद्रा विनिमय (फरेक्स एक्सचेन्ज) काउन्टर सञ्चालनमा ल्याउने भएको छ । नेपाल–भारत आवतजावत गर्ने नेपाली तथा भारतीय नागरिकलाई सहज सेवा उपलब्ध गराउने उद्देश्यले रक्सौलका दुई बैंक शाखामा उक्त काउन्टर स्थापना गरिएको हो।

भारतीय सञ्चारमाध्यमहरूका अनुसार, रक्सौलस्थित स्टेट बैंक अफ इन्डिया (एसबिआइ) को मुख्य सडकमा रहेको शाखा तथा सोना हल नजिक रहेको एचडीएफसी बैंक शाखामा विदेशी मुद्रा विनिमय काउन्टर सञ्चालन गरिनेछ।

# रास्वपाको वडासमिति गठन




**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्सा निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गत वीरगंज महानगरपालिका वडा नम्बर ७ मा ११ सदस्यीय वडा समिति गठन भएको छ।

युवा नेता सुमित चौरसियाको सभापतित्वमा गठित समितिले पार्टीलाई वडा स्तरमा थप सशक्त बनाउने अपेक्षा गरिएको छ । समितिको उपाध्यक्षमा अविनाश गुप्ता, सचिवमा सुमित कनोडीया चयन भएका छन् । सदस्यहरूमा अजित कुमार श्रीवास्तव, पायल देवी, सरिता कुमारी चौरसिया, राजेश्वर प्रसाद गुप्ता, विकास कुमार गुप्ता, अजय कुमार लगायत रहेका छन्। यसैगरी वडा समितिका लागि सल्लाहकार समिति पनि गठन गरिएको छ। उक्त समितिमा नीरज कुमार गुप्ता, अमर सर्राफ, देव कुमार पटेल, सुदीप कुमार चौरसिया र दीपेन्द्र कुमार साह रहेका छन्।

# सशस्त्र प्रहरीद्वारा लागुऔषध गाँजा बरामद



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ग्रामीण क्षेत्रमा लागूऔषध नियन्त्रण अभियानलाई तीव्र बनाउँदै आएको सशस्त्र प्रहरी बल नेपालले ठूलो परिमाणमा गाँजा बरामद गरेको छ।

जिल्लाको छिपहरमाई गाउँपालिका–४ तुलसीबर्वास्थित ओरिया खोलाको किनारमा रहेको खेतबाट लुकाइछिपाइ राखिएको अवस्थामा ८७ किलो गाँजा बरामद गरिएको हो । प्राप्त जानकारीअनुसार खेतमा गहुँको भुसले छोपी राखिएको अवस्थामा उक्त लागूऔषध फेला परेको थियो।

सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट (बिओपी) भिस्वा बाट सशस्त्र प्रहरी निरीक्षक अर्जुन दाहालको कमान्डमा खटिएको गस्ती टोलीले आइतबार राति करिब १० बजे विशेष सूचनाको आधारमा सर्च अभियान सञ्चालन गरेको थियो । सोही क्रममा खेतभित्र शङ्कास्पद रूपमा लुकाइ राखिएको गाँजा बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ । बरामद गाँजा आवश्यक कानुनी प्रक्रिया तथा थप अनुसन्धानका लागि नेपाल प्रहरी लाई बुझाइएको छ।

घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजी कार्य तीव्र रूपमा अघि बढाइएको प्रहरी स्रोतले जनाएको छ। लागूऔषध कारोबारमा संलग्न गिरोहको खोजीका लागि सीमावर्ती तथा ग्रामीण क्षेत्रमा निगरानीसमेत बढाइएको छ । पछिल्लो समय पर्साका ग्रामीण बस्ती तथा सीमावर्ती क्षेत्रमा लागूऔषध कारोबारको सञ्जाल फैलिन थालेपछि सशस्त्र प्रहरीले चेकजाँच र निगरानीलाई कडा बनाएको जनाएको छ। विशेषगरी भारतसँग जोडिएका नाका तथा खोलानालाको प्रयोग गरेर लागूऔषध ओसारपसार हुने सूचनाका आधारमा सर्च अभियानलाई प्रभावकारी बनाइएको बताइएको छ।

# विपद् उद्धार तथा जनचेतनामूलक कार्यक्रम



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको लक्ष्मिनिया गाउँपालिका–४ सपहीमा विपद् उद्धार तथा जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । सोमबार सुरक्षा बेस नक्टाझिज र सुरक्षा बेस सपहीको संयुक्त टोलीले वडा कार्यालय परिसरमा उक्त कार्यक्रम सम्पन्न भएको हो । जनचेतनामूलक कार्यक्रममा सयभन्दा बढी स्थानीयको सहभागिता रहेको थियो।

कार्यक्रममा विपद् आइपर्दा अपनाउनुपर्ने सावधानी, उद्धारका प्रारम्भिक उपाय, आगलागी, बाढी तथा अन्य प्राकृतिक विपद्का समयमा सुरक्षित रहने तरिकाबारे जानकारी गराइएको थियो । साथै, स्थानीयवासीलाई विपद्का समयमा संयमित भई सुरक्षाकर्मीलाई सहयोग गर्न आग्रह गरिएको थियो।

संयुक्त टोलीले यस्ता जनचेतनामूलक कार्यक्रमले समुदायस्तरमा विपद् व्यवस्थापन क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गरेको छ । स्थानीयवासीले पनि कार्यक्रमलाई उपयोगी र प्रभावकारी भएको बताए।

# कलैयामा किन्नर र तेश्रोलिङ्गी समूहबीच विवाद



**मधेशदृष्टि**
**कलैया।**
बाराको कलैयामा किन्नर र तेस्रो लिङ्गी समूहबीच विवाद भएको छ । विवाद बढ्दै गएपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले एक जना तेस्रो लिङ्गीलाई पक्राउ गरेको जनाएको छ।

आफ्ना साथीलाई नियन्त्रणमा लिएको विरोधमा आक्रोशित बनेका तेस्रो लिङ्गी तथा (मङ्गलमुखी पुरुष तेस्रो लिङ्गी) हरूले जिल्ला प्रहरी कार्यालय बारा को मुख्य गेट अगाडि प्रदर्शन गरेका हुन् । प्रदर्शनका क्रममा केही आन्दोलनकारीहरूले सडकमै कपडा खोलेर प्रदर्शन गर्दै प्रहरी प्रशासनविरुद्ध चर्को नाराबाजी गरेका थिए।

पक्राउ परेका व्यक्तिलाई बिनासर्त तत्काल रिहा गर्नुपर्ने माग राख्दै उनीहरूले केहीबेर प्रहरी कार्यालय अगाडिको सडक क्षेत्र तनावग्रस्त बनाएका थिए।

# वृद्धाश्रमका आश्रितहरुलाई दैनिक उपभोग्य सामाग्री प्रदान

**मधेशदृष्टि**
**वीरगंज।**
ठोरी गाउँपालिका वडा नं. ३ स्थित ओडार मावि, एसइई २०७४ व्याजका विद्यार्थीहरूले ठोरी–१ स्थित बृद्ध आश्रमका आश्रीतहरूका लागि दैनिक उपभोग्य सामाग्री प्रदान गरेको छ।

मानवीय सेवा अन्तर्गत आफुहरूबाट संकलित रकमले आवश्यक सामाग्री खरिद गरि आश्रममा पुगेर प्रदान गरिएको कार्यक्रममा सहभागि अगुवा विद्यार्थीहरूले बताएका छन् । आश्रमलाई प्रदान गरिएका सामाग्रीहरूमा आश्रीतहरूका लागि १५ दिनलाई पुग्ने चामल, तेल, दाल, चिनी, सर्फ, साबुन र केही विस्कुट साथै फलफुलहरू रहेका छन्।

उक्त सामाग्री अगुवा विद्यार्थीहरूले आश्रमका सञ्चालक अनिता खडका थापालाई हस्तान्तरण गरेका थिए । नागरिक अगुवा सन्तोष श्रेष्ठको सहजीकरणमा भएको कार्यक्रममा ओडार मावि, एसइई २०७४ व्याजका अगुवा विद्यार्थीहरू स्वेता खडका, कवि पण्डीत, गौरव प्रताप श्रेष्ठ र सचिन मोक्तानको सहभागिता थियो । आश्रममा हाल २० जना आश्रीतहरू छन्।

# चोरीको मोटरसाइकलमा नम्बर प्लेट परिवर्तन गरि विक्री गर्ने गिरोह पक्राउ

**मधेशदृष्टि**
**मटिअर्वा।**
भारत–नेपाल सीमा क्षेत्रमा चोरीका मोटरसाइकलको नम्बर प्लेट परिवर्तन गरी नेपालमा बिक्री गर्ने गिरोहलाई भारतीय प्रहरीले पक्राउ गरेको छ।

आदापुर थानाका थानाध्यक्ष पूजा कुमारीको नेतृत्वमा रहेको भारतीय प्रहरी टोलीले भारत–नेपाल सीमा अन्तर्गत, मटिअरवा बोर्डर नजिक सवारी जाँचका क्रममा दुई वटा सुपर स्प्लेन्डर मोटरसाइकलसहित चार जनालाई पक्राउ गरेको हो। सो क्रममा बीआर ०५ आर ३४७९ र बीआर ०५ आर ५१११ नम्बरका मोटरसाइकलको एचएचडी मेसिनबाट परीक्षण गर्दा दर्ता नम्बर र चेचिस नम्बरमा फरक भेटिएको प्रहरीले जनाएको छ।

मोटरसाइकल चालकहरू रंजन कुमार साह तेली र आनंद कुमार साह तेली लाई भारतीय प्रहरीले नियन्त्रणमा लिएको छ। उनीहरूले उक्त मोटरसाइकल हृदेश कुमार जयसवाल सँग खरिद गरेको बयान दिए पछि हृदयश कुमारलाई पनि प्रहरीले पक्राउ गरेको छ।

प्रहरीका अनुसार हृदेशले मोटरसाइकल अजय कुमार उर्फ हरिओम कुमार बाट बिक्रीका लागि ल्याइएको स्वीकार गरेका थिए।

त्यसपछि अजय उर्फ हरिओमलाई पनि पक्राउ गरिएको प्रहरीले जनाएको छ।

# मिथिला नगरपालिकाका ४८३ परिवारले पाए लालपुर्जा

**जनकपुरधाम।**
लामो समयदेखि (भूमिहीन) सुकुमबासीका रूपमा बस्दै आएका धनुषाको मिथिला नगरपालिकाका ४८३ परिवारलाई एक समारोहबिच लालपुर्जा वितरण गरिएको छ । मिथिला नगरपालिका–६, ७, ८ र ९ का (भूमिहीन) सुकुमबासीलाई लालपुर्जा वितरण गरिएको हो।

गाउँब्लकका जमिन लालपुर्जाबिना भोग गर्दै आएका सुकुमबासीलाई लालपुर्जा वितरण गरिएको जिल्लास्थित नापी कार्यालय दुई नम्बर टोली ढल्केवरले जनाएको छ।

टोलीका प्रमुख सीयाराम साहले आवश्यक कागजातसहित नापनक्साको प्रक्रिया पूरा गरेर लालपुर्जा वितरण गरिएको बताए । उनका अनुसार सो टोलीको कार्यालयमा ६५८ जनाले लालपुर्जाका लागि निवेदन दिएको थिए।

यसअघि सो टोलीले उक्त पालिकाको वडा नंं १, ६ र ७ का ६४ (भूमिहीन) सुकुमबासी परिवारलाई सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी लालपुर्जा वितरण गरेको थियो। नापी कार्यालय धनुषाको दुई नं टोलीद्वारा गाउँ ब्लकको जग्गा नापजाँच गरेर लालपुर्जा वितरण प्रक्रिया सुरु गरेको थियो । त्यसको आधारमा लालपुर्जा वितरण गरिएको प्रमुख साहले जानकारी दिए।

साहका अनुसार आयोजित समारोहमा जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डल, मिथिला नगरपालिकाका प्रमुख महेन्द्र महतोलगायत पदाधिकारीले सम्बन्धित जग्गाधनीलाई सो जग्गाधनी लालपुर्जा वितरण गरेको हो।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख मण्डलले लामो समयको सङ्घर्ष पश्चात लालपुर्जा प्राप्त गर्नेलाई बधाई दिँदै लालपुर्जा पाउने प्रक्रियाबाट छुटेकाहरूलाई यथाशीघ्र कानुनी प्रक्रिया पूरा गरेर निजको भोगाधिकार दिलाउन लालपुर्जा वितरण गर्न अनुरोध गरे । साथै पालिका प्रमुख, उपप्रमुख तथा वडाध्यक्षहरूले आपसी विवादबाट मुक्त भई कार्य गर्न आग्रह गरे।

मिथिला नगरपालिकाका प्रमुख महतोले लामो समयदेखि लालपुर्जा नपाएका भूमिहीनले अहिले लालपुर्जा प्राप्त गरेर रैतीबाट शासक बनेका भन्दै सबैको सहकार्य र समन्वयमा नगरको विकास गर्नुपर्ने आवश्यकता औँल्याए।

धनुषाका ७५ वटा गाउँब्लक छन् । तीमध्ये ७२ वटा गाउँब्लकको जग्गा नापजाँच भइसकेको छ । त्यसअन्तर्गत १२ वटा गाउँब्लकको धनीपुर्जा वितरण भइसकेको नापी कार्यालयले जनाएको छ। रासस

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु, २ जना घाइते

**राकेश यादव**
**रौतहट।**
जिल्ला रौतहट परोहा नगरपालिका वडा नम्बर ६ बसन्तपट्टी चौक स्थित हुलाकी सडक खण्डमा मोटरसाइकल दुर्घटना हुदा १ जनाको मृत्यु भएको छ। कोपवाबाट फतुवा तर्फ जादै गरेको म.प्र.०५–००१प ०१८८ नं. को मोटर साइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने दुइजना घाइते भएका छन्।

दुर्घटनामा परि गम्भीर रुपमा घाइते भएका मोटर साइकल चालक जिल्ला बारा बारागढी गा.पा. ३ मुर्कीपालिया बस्ने अं. बर्ष २२ को मुकेश मुखियाको उपचारको क्रममा मेट्रो सिटि होस्पिटल बिरगंजमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

तीब्र गतिमा रहेको मोटरसाइकल दुर्घटना हुदा पछाडी सवार जिल्ला रौतहट राजपुर ननगरपालिका २ बस्ने रामजी मुखियाको छोरा अं. बर्ष १० को शिवजी मुखिया र रामजी मुखियाको छोरा अं. बर्ष ८ को सुजित मुखियाको उपचार भै रहेको र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ।

सम्पादकीय

# आचारसंहिता कि केवल कागजी अनुशासन ?

सरकारका मन्त्रालयहरूमा आचारसंहिता जारी हुनु कुनै नयाँ विषय होइन। तर युवा, श्रम तथा रोजगार मन्त्रालयले हालै जारी गरेको नयाँ कर्मचारी आचारसंहिता केवल प्रशासनिक दस्तावेज मात्र होइन, राज्य संयन्त्रभित्र गहिरिँदै गएको अव्यवस्था, गैरजिम्मेवारी, ढिलासुस्ती, भ्रष्टाचार र अनुशासनहीनताविरुद्धको चेतावनी पनि हो । प्रश्न केवल आचारसंहिता जारी गर्ने होइन, त्यसलाई व्यवहारमा कति कडाइका साथ लागू गरिन्छ भन्ने हो। नेपालको सार्वजनिक प्रशासन आज जनताको सबैभन्दा ठूलो असन्तुष्टिको केन्द्र बन्दै गएको छ । सेवाग्राही कार्यालय पुग्दा सम्मान होइन, अपमान भोग्न बाध्य छन् । सामान्य कामका लागि दिनौं धाउनुपर्ने, फाइल चलाउन घुसको संकेत बुझ्नुपर्ने, कर्मचारीको मनोमानी सहनुपर्ने अवस्था अझै विद्यमान छ । यस्तो अवस्थामा मन्त्रालयले कर्मचारीलाई शिष्ट, मर्यादित, पारदर्शी र सेवामुखी बन्न निर्देशन दिनु सकारात्मक कदम अवश्य हो। तर विगतका अनुभवले देखाएको सत्य के हो भने नेपालमा नियमको अभाव छैन, अभाव छ कार्यान्वयनको इच्छाशक्ति र जवाफदेहिताको।

नयाँ आचारसंहिताले घुस, उपहार र अनुचित लाभ लिन नपाइने स्पष्ट व्यवस्था गरेको छ। सरकारी स्रोत–साधन निजी प्रयोजनमा प्रयोग गर्न रोक लगाइएको छ । सामाजिक सञ्जाल प्रयोगदेखि गोपनीयता संरक्षणसम्मका विषय समेटिएका छन्।

अझ कृत्रिम बुद्धिमत्ता (एआई) तथा प्रविधिको प्रयोग गर्दा नैतिकता, निष्पक्षता र गोपनीयताको मापदण्ड पालना गर्नुपर्ने प्रावधान पनि राखिएको छ । यी सबै व्यवस्था आधुनिक प्रशासनको आवश्यक पक्ष हुन्। तर प्रश्न उठ्छ के यी नियम उल्लंघन गर्ने कर्मचारीमाथि साँच्चिकै कारबाही हुनेछ ? नेपालको प्रशासनिक संस्कृतिमा सबैभन्दा ठूलो समस्या दण्डहीनता हो। आचारसंहिता उल्लंघन गर्ने कर्मचारी प्रायः राजनीति संरक्षण, पहुँच वा आन्तरिक मिलेमतोका कारण जोगिन्छन् । जनताको गुनासो फाइलमै थन्किन्छ । कारबाहीका घोषणा धेरै हुन्छन्, परिणाम नगण्य देखिन्छ। यस्तो अवस्थामा नयाँ आचारसंहिताले वास्तविक सुधार ल्याउन सक्छ भन्ने विश्वास सहजै पैदा हुँदैन।

विशेषगरी सामाजिक सञ्जाल प्रयोगसम्बन्धी व्यवस्था अत्यन्त महत्वपूर्ण छ । पछिल्ला वर्षहरूमा सरकारी कर्मचारीले पदीय मर्यादा बिर्सेर सामाजिक सञ्जालमा राजनीतिक पक्षधरता प्रदर्शन गर्ने, संस्थाको गोपनीयता भंग गर्ने र गैरजिम्मेवार अभिव्यक्ति दिने प्रवृत्ति बढेको छ। यसले राज्यप्रतिको जनविश्वास कमजोर बनाएको छ । त्यसैले सामाजिक सञ्जाललाई अनुशासित बनाउने प्रयास आवश्यक थियो । तर यसलाई अभिव्यक्ति स्वतन्त्रता नियन्त्रण गर्ने हतियारका रूपमा प्रयोग गरिनु हुँदैन । अनुशासन र स्वतन्त्रताबीच सन्तुलन कायम गर्न सरकार सचेत हुनुपर्छ।

त्यसैगरी कार्यालय समयमा सामाजिक सञ्जाल प्रयोगमा रोक लगाउने निर्णय व्यवहारिक देखिन्छ। आज धेरै सरकारी कार्यालयमा सेवाग्राही लाइनमा बसिरहेका हुन्छन्, तर कर्मचारी मोबाइलमा व्यस्त देखिन्छन्। जनताले तलब तिरेर राखेका कर्मचारीले सेवाभन्दा फेसबुक, टिकटक र व्यक्तिगत कुराकानीमा समय खर्चिनु राज्यप्रतिको बेइमानी हो। यस्तो प्रवृत्तिमा नियन्त्रण अपरिहार्य थियो। तर केवल कर्मचारीलाई दोष दिएर सरकार उम्किन मिल्दैन । प्रशासनिक सुधारका लागि राजनीतिक नेतृत्व पनि उत्तिकै जिम्मेवार हुनुपर्छ । जबसम्म नियुक्ति, सरुवा र बढुवामा राजनीतिक हस्तक्षेप रहिरहन्छ, तबसम्म कर्मचारीतन्त्र पूर्ण रूपमा निष्पक्ष र व्यावसायिक बन्न सक्दैन । आचारसंहिताको सफल कार्यान्वयनका लागि निष्पक्ष अनुगमन, कडा कारबाही र राजनीतिक हस्तक्षेपमुक्त प्रशासन आवश्यक छ।

युवा, श्रम तथा रोजगार मन्त्रालयले जारी गरेको आचारसंहिता सकारात्मक सुरुवात हो। यसले कर्मचारीलाई जिम्मेवार र सेवामुखी बनाउने सन्देश दिएको छ। तर जनताले अब कागजी प्रतिबद्धता होइन, व्यवहारिक परिवर्तन खोजिरहेका छन् । सरकारी कार्यालयमा प्रवेश गर्दा नागरिकले सम्मान, छिटो सेवा र निष्पक्ष व्यवहार अनुभूति गर्न पाउनुपर्छ।

यदि नयाँ आचारसंहिता केवल हस्ताक्षर संकलन र फाइल व्यवस्थापनमै सीमित भयो भने यो पनि विगतका असफल दस्तावेजहरूको सूचीमा थपिनेछ। अब सरकारसँग विकल्प दुईवटा मात्र छन् या त आचारसंहितालाई कठोर रूपमा लागू गरेर प्रशासन सुधार गर्ने, या फेरि जनताको विश्वास गुमाउने।

# उच्च रक्तचापको समस्या: हामी कहाँ चुक्छौँ ?



डा मिलनप्रकाश श्रेष्ठ




**काठमाडौँ।**

उच्च रक्तचाप सुन्दा सामान्य लागे पनि यसले गर्ने भयानक असरबारे मानिसमा पर्याप्त जानकारी नभएकाले होला, खासै महत्व दिएको पाइँदैन। यसले उच्च रक्तचापले गर्ने दुर्घटना प्रत्यक्ष देखेका हुन्छन्, भोगेका हुन्छन्, उनीहरूले मात्रै उच्च रक्तचाप यस्तो रहेछ भनेर आत्मसात् गरेका हुन्छन्। उच्च रक्तचापको औषधि खायो भने यस्तो हुन्छ रे, जिन्दगीभरि खानुपर्छ रे, 'साइड–इफेक्ट' गर्छ रे भन्ने धेरै किसिमका भनाइ सुनिन्छन् तर औषधि नखाई सधैँ उच्च रक्तचाप लिएर हिँड्दा के के खतरा हुन्छ भन्ने धेरैले विचार गरेको देखिँदैन।

**लक्षण बिनाको उच्च रक्तचाप**

उच्च रक्तचाप भएका बिरामी सबैलाई लक्षण देखिनैपर्छ भन्ने छैन । कसैलाई १५० पुग्नासाथै टाउको दुख्ने, रिँगटा लाग्ने भएर आइपुग्छन् भने कोही कोहीमा माथिको (सिस्टोलिक) प्रेसर २५० पुग्दा पनि कुनै लक्षण नदेखिने हुनसक्छ। बिरामी अन्य कुनै कारणका लागि प्रेसर जाँच गर्दा उच्च देखिएपछि डाक्टर कहाँ पुग्छन् । कतिपय अवस्थामा रक्तचाप उच्च भएर पनि लक्षण नदेखिनु भनेको लक्षण देखिने रक्तचापभन्दा खतरनाक हुनसक्छ। यस अर्थमा कि लक्षण नदेखिँदा आफूलाई सबै ठिकै छ, म स्वस्थ छु भन्ने पर्छ र कुनै बेला त्यही रक्तचापले ठूलै समस्या गराउन सक्छ। केही लक्षण नदेखिए पनि निरन्तर उच्च रक्तचापले शरीरका अङ्गहरू विशेषगरी मुटु, मिर्गौला, आँखा र मस्तिष्कमा पु¥याउने क्षति पु¥याई नै रहेको हुन्छ । रक्तचाप उच्च भएर पनि लक्षण नदेखिने बिरामी नै एकैचोटि हृदयाघात, मस्तिष्कघात भइसकेको अवस्थामा पनि आउने गरेको भेटिएको छ। त्यसैले आफ्नो उच्च रक्तचाप समय समयमा देखाइरहनु आवश्यक छ । साथै रक्तचाप उच्च भएर लक्षण नदेखिए पनि भविष्यमा हुनसक्ने क्षतिबाट बच्न औषधि सेवन आवश्यक छ।

**औषधि सुरु गर्न्न हिच्किचाहट**

उच्च रक्तचापले गर्नसक्ने खतराबारे आवश्यक ज्ञान नभएकाले नै होला उच्च रक्तचापको औषधि भनेपछि हिच्किचाइहाल्छन्। उच्च रक्तचाप त्यति धेरै उच्च नभएको अवस्थामा, पहिलोपल्ट देखिएको उच्च रक्तचाप, तथा शरीरका अङ्गहरूमा क्षति नपुगिसकेको अवस्थामा केही महिना औषधि नखाई अन्य उपाय अवलम्बन गरेर उच्च रक्तचाप घटाउन कोसिस गर्न सकिन्छ। तर यी उपायहरू अपनाउँदा पनि उच्च रक्तचाप उच्चै रहिरहेमा औषधि सुरु गर्न धेरै ढिला गर्नु हुँदैन । उच्च रक्तचापको औषधिको मुख्य काम उच्च रक्तचापलाई नियन्त्रणभित्र राख्नु हो । उच्च रक्तचापलाई नियन्त्रणभित्र राखेर शरीरका अन्य अङ्गहरूमा क्षति पुग्नबाट यसले बचाइराखेको हुन्छ । नियमित औषधि सेवन गर्दै जाँदा र चिकित्सकको सल्लाहबमोजिम खानामा परहेज, नियमित व्यायाम आदि गर्दै गएमा कुनै समय उच्च रक्तचाप घट्दै पनि जानसक्छ । बारम्बार नाप्दा पनि आवश्यकभन्दा घट्दै गएको पाइएमा चिकित्सकको सल्लाह लिएर खाने औषधिको मात्रा कम वा औषधि नै बन्द पनि गर्न सकिन्छ।

**औषधि खाएपछि 'साइड–इफेक्ट' गरिहाल्छ भन्ने भ्रम**

साइड–इफेक्ट सबै औषधिको हुन्छ । उच्च रक्तचापका औषधिहरूको पनि आफ्नै किसिमका साइड इफेक्टहरू छन्। तर ती सबै साइड इफेक्टहरू सधैँ सबैलाई हुने सम्भावना मात्रै हो, हुन्छ नै भन्ने होइन। कुनै साइड–इफेक्ट छोटो समयमै देखापर्छन् भने कुनै २०–३० वर्षको लगातार औषधि सेवनपछि देखिन्छन्। डाक्टरको सम्पर्कमा बसेर डाक्टरको सल्लाहअनुसार नियमित चेक जाँच गरिरहेमा साइड इफेक्टहरू हुन थालेमा तुरुन्तै पत्ता लाग्छ । साइड–इफेक्ट भएको थाहा पाएमा औषधि अदलबदल गरेर साइड–इफेक्टले गर्ने क्षतिबाट बच्न सकिन्छ । तर साइड–इफेक्ट गर्छ भनेर औषधि सुरु नगरी सधैँ उच्च रक्तचाप लिएर बस्दा प्यारालाइसिस, हृदयाघात हुने, मिर्गा ैला कामै नलाग्ने अवस्थामा पुग्ने, आँखाको ज्योति गुम्नेजस्ता भयानक असरहरू हुनसक्छन् जुन असरहरूको तुलनामा औषधिको साइड–इफेक्टहरू केही होइनन्।

उच्च रक्तचापका कुनै औषधि खाँदा खुट्टा सुन्निने समस्या हुनसक्छ । कुनैले मुटुको ढुकढुकी बढाउन सक्छ । कुनैले ढुकढुकी चाहिनेभन्दा कम गराउन सक्छ। उच्च रक्तचापककै कुनै औषधिले सुक्खा खोकी लाग्ने गर्छ । कुनै औषधि सुरु गरेपछि पहिले नहुने स्वाँ..स्वाँ.. सुरु भएको हुनसक्छ । कुनै औषधिले मिर्गौलामा असर पार्न पनि सक्छ । एक किसिमको औषधिले लोग्ने मानिसको लिङ्गको उत्तेजनामा कमी, यौन इच्छामा कमी आउने आदि समस्या गराउन सक्छ । उच्च रक्तचापको औषधि सुरु गरेपछि पहिले नभएको समस्या देखापरे जस्तो लागे आफ्नो डाक्टरसँग सम्पर्क राखिहाल्नु पर्छ । यो साइड–इफेक्ट औषधि खानासाथै सबैलाई सधैँ हुने कुरा होइन । औषधि सुरु गर्दा नभएका लक्षणहरू पछि सुरु भएमा आफ्नो चिकित्सक कहाँ तुरुन्तै सम्पर्क राखिहाल्नु पर्छ । त्यसैले उच्च रक्तचापको औषधि विशेषज्ञ डाक्टरसँग परीक्षण गरेर मात्र सुरु गर्नुपर्छ। कुनै परीक्षण नगराई मेडिकलबाट सिधै किनेर खाने बानी गर्नु हुँदैन। साथै औषधि सुरु गरेपछि उच्च रक्तचाप ठिकै रहिरहे पनि तथा शारीरिक, मानसिक रुपमा ठिकै लागे पनि कम्तीमा १५ दिनमा एकचोटि उच्च रक्तचाप नाप्ने बानी बसाल्नैपर्छ र डाक्टरसँग कम्तीमा तीन महिना र बढीमा छ महिनामा एकचोटि भेट्नै पर्नेपर्छ।

**अपनाउनुपर्ने सावधानी**

उच्च रक्तचाप बढाउनुमा धूम्रपान तथा रक्सीको पनि उत्तिकै योगदान रहन्छ। उच्च रक्तचाप भएका व्यक्तिहरूले कुनै पनि किसिमको नशाको सेवन गर्नु हुँदैन । यस्ता वस्तुले उच्च रक्तचापलाई नियन्त्रणमा राख्न गाह्रो हुने, एकभन्दा बढी औषधिको सेवन गर्नुपर्ने अवस्था निम्त्याउँछ। उच्च रक्तचाप नियन्त्रणका लागि चलाइने औषधि मानिसको शारीरिक बनावट, वजन, साथमा रहेको अरू समस्या, खानपान, उसले गर्ने शारीरिक व्यायाम आदिमा भर पर्छ। त्यसैले कसैलाई एउटा औषधिको सानो डोज मात्र खाए पुग्छ भने कसैलाई दुई, तीनवटा त्यो पनि दिनको दुई पटक वा बढी पनि खानुपर्ने पनि हुनसक्छ । उच्च रक्तचापको औषधि कति मात्राको खाने भन्ने कुरा मानिस मानिसमा निर्भर गर्छ। विशेषगरी घरमा एक्लै बस्ने, कम पढेलेखेका, नपढेका बिरामीमा तथा उच्च रक्तचापका साथै अन्य समस्याको पनि औषधि खाने बिरामीमा यो समस्या देखिन्छ। एउटाभन्दा धेरै गोली खानुपरेको अवस्थामा यस्ता बिरामी झुक्किएर एउटा खानुपर्नेमा दुई पटक खाएको, खानुपर्ने चाहिँ नखाएको, राति खानुपर्ने बिहान खाएको, खानापछि खानुपर्ने अगाडि खाएको आदि समस्या सामान्य हुन् । अझ कति त औषधि सकिएपछि ल्याइदिने मान्छे नभएको भनेर औषधि खानै बन्द गरेर पनि आउँछन् । यसको कारण रक्तचाप अनियन्त्रित भइदिन्छ र कतिपय अवस्थामा प्यारालाइसिस, हृदयाघात भएको अवस्थामा पनि बिरामी आउँछन् । यस्तो कुरामा घरमा भएका पढेलेखेका मानिसहरूको गहन जिम्मेवारी हुन्छ । त्यस्ता बिरामीहरूलाई नामभन्दा पनि औषधिको आकार, रङ तथा साइजको जानकारी बढी हुन्छ । एकभन्दा बढी औषधि खानुपरेको अवस्थामा हरेक औषधिलाई छुट्टाछुट्टै सानो सानो बट्टामा राखेर यो बट्टाको यतिखेर खाने भनेर बुझाउने गरेमा गल्ती हुने समस्या कम हुन्थ्यो कि ?

**मानसिक तनावको व्यवस्थापन**

मानसिक समस्याको व्यवस्थापन स्वस्थ जीवनका लागि एकदमै महत्वपूर्ण मानिन्छ । अत्यधिक तनावमा काम गर्ने, ढिलो सुत्ने, पर्याप्त निद्रा नपुग्ने व्यक्तिहरूमा हृदयाघातसम्म पनि हुने गरेको छ। व्यस्त कार्यशैली हुनेहरूमा यस्ता समस्याहरु प्रशस्तै देखिन्छ। उनीहरूको कामको कुनै समय नै हुँदैन । सधैँ तनावपूर्ण वातावरण, आरामको कमी, शारीरिक व्यायामको कमी, अव्यवस्थित खानपान, नियमित स्वास्थ्य जाँचको कमी आदि भएपछि यसैगरी, व्यक्तिहरूमा उच्च रक्तचाप, मधुमेहको समस्या देखापर्दछ। यसले गर्दा पछि गएर हृदयाघात, पक्षघात जस्ता भयानक समस्या भोग्नुपर्दछ । धेरैजसो व्यापारी पढेलेखेकै हुन्छन्, स्वास्थ्यमा नराम्रो असर परिरहेको छ भन्ने पनि थाहा हुन्छ तर पनि परीक्षणका लागि समय छुट्याउन सक्दैनन्।

डाक्टरसँग नियमित 'फलोअप' नगर्ने बानी

धेरै बिरामी औषधि सुरु गरेपछि शरीर आराम भएको महसुस भएपछि नियमित औषधि त खान्छन् तर डाक्टरसँग वर्षौंसम्म परीक्षण गराउँदैनन् न त फेरि फेरि रक्तचाप जचाएरै हेर्छन् । कारण सोध्दा औषधि सुरु गरेपछि आफूलाई आराम भएको, कुनै नयाँ समस्या नआएको, घर टाढा भएर आउने मौका नपाएको जस्ता कुराहरू गर्छन् । माथि भनिएजस्तै उच्च रक्तचाप आफैँले शरीरका विभिन्न अङ्गहरूमा असर पु¥याइरहेको हुन्छ। त्यसमाथि नियमित औषधि खानेहरूलाई औषधिको साइडइफेक्ट पनि हुनसक्ने सम्भावना रहन्छ। आफूलाई केही गाह्रो नभए पनि डाक्टरसँग नियमित कम्तीमा छ महिनामा एकचोटि चेकजाँच गराउने गरेमा शरीरमा कुनै किसिमको हानिनोक्सानी हुन लागेको भएमा तुरुन्तै पत्ता लाग्छ र भविष्यमा हुनसक्ने क्षतिबाट जोगिन सकिन्छ।

कति बिरामीहरू औषधि नखाने तर करेला, मेथी, निमको पात, घ्यूकुमारी खाने, आयुर्वेदिक उपाय गर्ने, योगा, ध्यान गरेरै प्रेसर ठीक पार्छु भनेर अड्डी कस्छन्। यसमा म के भन्छु भने जसरी हुन्छ, रक्तचाप नियन्त्रणमा आउनुप¥यो । माथि उल्लेखित सबै कुरा गर्दा कुनै नकारात्मक असर त पर्दैन। तर यी सबै पनि गर्नुस्, उच्च रक्तचाप नाप्दै पनि गर्नुस्, यस्ता कुराहरूले उच्च रक्तचाप नियन्त्रण भएन भने औषधि त खानैपर्छ।

**गुगल गर्ने बानी**

एउटा वर्गको मानिसहरूमा जे पनि इन्टरनेटमा पढेर सम्पूर्ण जानकारी लिने प्रवृत्ति हुन्छ। यसो गर्नु एक किसिमले राम्रो पनि हो तर पूर्ण कुरा प्रस्ट नबुझिएको खण्डमा यसको नकारात्मक असर पनि पर्दछ। कुनै रोगका बारेमा पढ्दै जाँदा कतिपय प्राविधिक शब्दहरू, मेडिकल भाषा सबैले प्रस्ट बुझ्ने कुरै भएन। अनि यो भनेको यसो होला भन्दै अनुमानित अर्थ लगाउँदै बस्ने अनि त्यस विषयमा लेखिएका कुनै रोगका लक्षणहरू आफैँलाई भएको जस्तो लाग्ने, म त ज्यादै रोगी भएछु भन्ने मनस्थितिको विकास हुने, अब म मर्छु भन्ने जस्ता निराशावादी सोचको विकास हुने जस्ता समस्या पनि भएको पाइएको छ । इन्टरनेटमा लेखिएका कुराहरू प्रस्ट बुझ्ने क्षमता पनि हुनुपर्छ। कुनै कुरा नबुझे सम्बन्धित चिकित्सकसँग परामर्श गर्नुपर्छ। हैन भने यस्तो सामग्री नपढ्नु नै राम्रो हुन्छ। उच्च रक्तचापको नकारात्मक असरहरूबाट बच्न मानिस आफ्नो स्वास्थ्यको कुरामा अझ बढी सचेत हुन जरुरी छ । साधारणतया उमेर ४० वर्षको वरिपरि पुगेपछि यदि भविष्यमा स्वस्थ भएर बाँच्ने, लामो समय बाँच्ने हो भने विशेषगरी केही कुराहरू, दैनिक स्वस्थ खाना खाने, रक्सी चुरोट, सुर्ती तथा कुनै नशा सेवन नगर्ने, नियमित शारीरिक व्यायाम गर्ने तथा मानसिक तनावबाट टाढा रहने आदि कुराहरू पालना गर्नैपर्ने देखिन्छ किनकि उमेरले ४० छोएपछि मानिसलाई धेरै रोगले छुन थाल्दछ । (वरिष्ठ मुटुरोग विशेषज्ञ डा श्रेष्ठ ग्रान्डी अन्तरराष्ट्रिय अस्पतालमा कार्यरत हुनुहुन्छ) रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# नीतिगत अभियानका लागि कांग्रेसले गठन गर्‍यो १२ उपसमिति



**काठमाडौँ ।**
नेपाली कांग्रेसले समसामयिक र विभिन्न नीतिगत विषयमा काम गर्नका लागि १२ वटा उपसमिति गठन गरेको छ । पार्टीको केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले उक्त समिति गठन गरेको हो ।

प्रतिष्ठानको बैठकले भूमि व्यवस्था, विपद् व्यवस्थापन, मानसिक स्वास्थ्य, डिजिटल सुशासन, निर्वाचन प्रणाली सुधारलगायतका क्षेत्रमा अध्ययन, संवाद र अभियान सञ्चालन गर्न उपसमिति गठन गर्ने निर्णय गरेको हो । पार्टी उपसभापति तथा प्रतिष्ठान प्रमुख विश्वप्रकाश शर्माको सभापतित्वमा बसेको बैठकले विभिन्न विषयगत उपसमितिका संयोजकहरुसमेत तोकेको छ ।

कांग्रेसले दिएको जानकारीअनुसार भूमि व्यवस्था विशेष अभियान उपसमितिको संयोजकमा डा. गोपाल दहित, विपद् व्यवस्थापन उपसमितिमा मानबहादुर थापा, मानसिक स्वास्थ्य सचेतना अभियान उपसमितिमा मोहना अन्सारी तथा सूचना, प्रविधि तथा डिजिटल सुशासन उपसमितिको जिम्मेवारी इन्जिनियर दीपेश विष्टलाई दिइएको छ ।

यसैगरी, निर्वाचन प्रणाली सुधार उपसमितिको संयोजकमा जनक चटौत, पूर्वाधार विकास अवधारणा उपसमितिमा इन्जिनियर अमृत ज्ञवाली, उद्यमशीलता, नवप्रवर्तन र रोजगार उपसमितिमा खगेन्द्र आचार्य तथा शिक्षा र शिक्षालय नीति एवं दृष्टि उपसमितिको जिम्मेवारी डा. कृष्णप्रसाद पौडेललाई दिइएको छ । यस्तै, बीपी ज्ञान केन्द्र उपसमितिको संयोजकको जिम्मेवारी प्रकाश लामिछानेलाई दिइएको छ ।

# राष्ट्रियसभाः शून्य समय समसामयिक विषयमा ध्यानाकर्षण



**काठमाडौँ ।**
राष्ट्रियसभाको सोमबारको बैठकमा सांसदहरूले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकको शून्य समयमा बोल्ने सांसदहरूले वर्षायामसँगै बाढीपहिरो र डुबानको त्रासदेखि बादर, बदेल आतङ्कले किसानमा परेको चिन्तालगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका हुन् । बैठकमा सांसद गीता देवकोटाले वर्षायाम सुरु भएदेखि बाढी, पहिरो र डुुबानको त्रासमा बाँच्न बाध्य नागरिकलाई तत्काल राहत, उद्धार र पुनःस्थापनाका लागि तयारी हुन सरकारको ध्यानाकर्षण गराइन् । सांसद जगत तिमिल्सिनाले विश्वविद्यालयका शैक्षिक संस्थाहरूले निर्देशन गरेको प्राध्यापन र परीक्षा प्रणाली सञ्चार गरेर बाँकी समयमा अन्य काम गर्दा गलत प्रचार गर्न नहुने धारणा राखे । सांसद मीना सिंह रखालले दैलेखसहित देशमा विभिन्न भागमा बाँदर र बँदेलका कारण किसान मर्माहत भइरहेकाप्रति सरकारको ध्यानाकर्षण गराउँदै जङ्गली जनावर नियन्त्रण गरी दीर्घकालीन रूपमा किसानका समस्या समाधान गर्न माग गरिन् । सांसद रञ्जित कर्णले सरकारले सुशासनका नाममा ट्रेड युनियन खारेज गर्न नहुनेमा जोड दिँदै सरकारले यो विषय तत्काल सच्च्याउन माग गरे ।

सांसद रामकुमारी झाँक्रीले सुशासन र गुणस्तरीय सेवामा नाममा नागरिकलाई तर्साएर शासन गर्न नहुने धारणा राखिन् । उनले कानुन विपरित काम गर्ने जोकोहीलाई कानुनी दायरामा ल्याउनुपर्नेमा जोड दिइन् । सांसद रेखाकुमारी झाले नीति तथा कार्यक्रमले जनतामा आशा जगाउन नसकेको बताउँदै जनतालाई रोजगारी र विकास दिन सरकारसँग माग दिइन् ।

सांसद रोशनी मेचेले देशको शान्तिसुरक्षा खस्किँदै गएको, धेरै व्यक्तिको हत्या भएको र अनलाइनबाट धेरै ठगी भइरहेको अवस्थामा मुलुकमा शान्तिसुरक्षामा ध्यान दिने गृहमन्त्री नभएकोप्रति सरकारको ध्यानाकर्षण गराइन् । सांसद सम्झना देवकोटाले जेनजी प्रदर्शनका सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरिन् ।

सांसद सोमनाथ पोर्तेलले भारतीय आयल कर्पोरेसन नेपालले पेट्रोलिय पद्धार्थ ल्याउने गरेको र भारतमा भन्दा नेपालमा डिजेल ६७, पेट्रोल ४८ र एलपी ग्यास ५५५ बढी भएर पनि नेपाल आयल निगम घाटामा भएको भन्ने भनाइप्रति सरकारको ध्यानाकर्षण गराए । रासस

# व्यवसायीलाई स्थानीय तहमा कर तिर्ने व्यवस्था गर्न माग



**काठमाडौँ ।**
प्रतिनिधिसभाको सोमबारको बैठकमा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले व्यवसायीलाई स्थानीय तहमँ कर तिर्ने व्यवस्था मिलाउन सरकारसँग आग्रह गरेका छन् ।

सोमबारको बैठकमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) विषयक छलफलमा भाग लिँदै अध्यक्ष राईले न्यून रकमको कर तिर्न पनि टाढाटाढाबाट कर कार्यालय धाउनुपर्ने जनगुनासो आएकाले यसलाई सम्बोधन गर्न सरकारसँग आग्रह गरे ।

उनले सभाको बैठकप्रति सरकार जिम्मेवार नदेखिएकाले आफूहरूले 'प्ले कार्ड' राखेर विरोध गरेको जनाए ।

सांसद राईले सप्तकोशी धरान क्षेत्रका तटबन्ध, खानेपानी र ल्याण्डफिल्ड साइट निर्माणका विषय आगामी बजेटमा समावेश हुनुपर्नेमा जोड दिए ।

# दुग्ध विकास संस्थानको क्षमता विस्तारका लागि प्रदेश सरकारसमक्ष प्रस्ताव

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले किसानद्वारा उत्पादित दूध सहज रूपमा खरिद गर्ने वातावरण निर्माण गर्न सरोकार भएका निकायको ध्यानाकर्षण गराएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी)मा दुग्ध विकास संस्थान, लुम्बिनी दुग्ध वितरण आयोजनाद्वारा आयोजनाका प्रमुख तथा प्रतिनिधिसँग सोमबार भएको छलफलमा मुख्यमन्त्री आचार्यले दूध सहज रूपमा खरिद गर्नुपर्ने र किसानलाई समयमा भुक्तानी गराउनुपर्नेमा जोड दिए ।

सोअवसरमा दुग्ध वितरण आयोजनाले क्षमता विस्तारसम्बन्धी प्रस्ताव पेस गरेको थियो ।

मुख्यमन्त्री आचार्यले दूधबाट उत्पादन हुने सामग्रीमा विविधीकरण गरी उपभोक्तालाई सहज रूपमा गुणस्तरीय दुग्ध पदार्थ उपलब्ध गराउनुपर्नेमा जोड दिए । उनले दुग्ध विकास संस्थानका उत्पादनको बजारीकरणलाई प्राथमिकतामा राख्नुपर्ने बताए ।

दुग्ध विकास संस्थान, लुम्बिनी दुग्ध वितरण आयोजना बुटवलले क्षमता विस्तार योजना प्रस्ताव गरेको छ । आयोजना प्रमुख कृष्णप्रसाद अर्यालले प्रस्तावपत्र पेस गरेका थिए । प्रस्तावअनुसार आयोजनाको सङ्कलन, उत्पादन, उपयोगिता, ढुवानी तथा बजारीकरण क्षमता विस्तार गरी दैनिक २५ हजार लिटर दूध व्यवस्थापन गर्ने लक्ष्य राखिएको छ ।

हाल आयोजनाले 'फ्लस सिजन'मा दैनिक १५ हजारदेखि २० हजार लिटर र 'लिन सिजन'मा सात हजारदेखि १० हजार लिटरसम्म दूध सङ्कलन गर्दै आएको जनाएको छ । दुग्ध विकास संस्थानले हाल देशभर करिब ८०० दुग्ध उत्पादक सहकारीमार्फत दैनिक एक लाख ५० हजार लिटर दूध खरिद गर्दै आएको छ । यसबाट करिब एक लाख कृषकका परिवार प्रत्यक्ष लाभान्वित भएका छन् भने १० हजारभन्दा बढी व्यक्तिले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी पाएका छन् ।

बुटवलमा विसं २०४६ मा स्थापना भएको लुम्बिनी दुग्ध वितरण आयोजनाको दूध सङ्कलन क्षेत्र रुपन्देही, नवलपरासी, नवलपुर, कपिलवस्तु र गुल्मी रहेका छन् । आयोजनाले बुटवल, भैरहवा, पाल्पा, नवलपरासी, नारायणघाट र पोखरामा दूध तथा दुग्ध पदार्थको बजारीकरण गर्दै आएको छ ।

आयोजनाले पुराना उपकरण, सीमित प्रशोधन क्षमता, बजारीकरणका साधनको अभाव तथा उत्पादन विविधीकरणमा समस्या रहेको उल्लेख गर्दै नयाँ उपकरण तथा पूर्वाधार विस्तारको आवश्यकता औँल्याएको छ । प्रस्तावित योजनाअन्तर्गत खुवा बनाउने उपकरण (मेसिन), 'ब्वाइलर', 'होमोजनाइजर', 'अटोमेटिक बटर प्याकेजिङ मेसिन', दही 'फिलिङ मेसिन', 'आइसक्रिम तथा कुल्फी प्लान्ट', 'डेलिभरी भ्यान' र २० टन क्षमताको बटर कोल्ड स्टोर स्थापना गर्ने योजनामा समावेश गरिएका छन् ।

प्रस्ताव कार्यान्वयनपछि दूध प्रशोधन क्षमता प्रतिघण्टा तीन हजार लिटरबाट पाँच हजार लिटर पुग्ने, लाभान्वित कृषक परिवार छ हजारबाट आठ हजार पुग्ने तथा दैनिक दूध खपत पाँच हजार लिटरबाट आठ हजार लिटर पुग्ने अपेक्षा गरिएको छ । रासस

# प्रतिनिधिसभा बैठकः समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
प्रतिनिधिसभाको सोमबारको बैठकको शून्य समयमा भाग लिँदै सांसदहरूले आ–आफ्नो जिल्ला तथा निर्वाचन क्षेत्रका समस्यासहित समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

सांसद खगेन्द्र सुनारले समाचार सङ्कलन गर्ने पत्रकारका लागि संसद्मा सहज रुपमा काम गर्ने व्यवस्था मिलाउन माग गरेका छन् । उनले संसदीय समाचार सङ्कलनमा खटिएका पत्रकारलाई घाममा बस्नुपर्ने बाध्यता भएकाले आवश्यक व्यवस्था गर्न तथा पिउने पानी र शौचालयको व्यवस्था गर्न सम्बद्ध पक्षसँग अनुरोध गरे ।

सांसद खेमराज कोइरालाले पशुधन र पशु अधिकारको रक्षा गर्न आगामी वर्ष विशेष बजेट उपलब्ध गराउन माग गरे । सांसद गणेश कार्कीले मोरङ क्षेत्र नं ३ को भूमि समस्या समाधान गर्न माग गरे ।

सांसद गणेश धिमालले पर्यटकीयस्थल सिम्रौनगढको विकासका लागि सडक पूर्वाधारको माग गरे । सांसद गणेश पराजुलीले काठमाडौँ चक्रपथको काम लामो समयदेखि अलपत्र भएकाले यथासक्य छिटो अघि बढाउन अनुरोध गरे ।

सांसद गणेश पौडेलले रौतहट क्षेत्र नं ४ मा बाग्मतीको कटानले गर्दा लालपुर्जा भएका जग्गा धनी पनि सुकुमवासी हुन बाध्य हुनुपरेको उल्लेख गर्दै ऐलानी जग्गामा बसेकालाई स्थानीय तहले छोड भनी सूचना टाँस गरेर आतङ्कित तुल्याएको भनी दुःख व्यक्त गरे ।

सांसद गणेशबहादुर विश्वकर्माले दासप्रथाको अवशेषका रुपमा रहेका हरुवाचरुवा आदिलाई १०० बुँदे कार्यक्रममा नराखिएकाले अहिले राजधानीमा आइपुगेको बताउदै उनीहरुको समस्या समाधान गर्न माग गरे ।

सांसद गणेशसिंह ठगुन्नाले दार्चुलाको दुम्लिङमा झोलुङ्गे पुल निर्माण गर्न माग गर्दै भरपर्दो सञ्चार सेवा सुनिश्चित गर्न माग गरे । सांसद गीता गुरुङले पदीय दुरुपयोग एवम् भ्रष्टाचार गर्ने जो कोहीलाई पनि सख्त कारवाही गर्नुपर्ने धारणा व्यक्त गरिन् ।

सांसद गीताकुमारी स्याङ्दानले आगामी वर्षको बजेट भुइँमान्छेलाई पनि छुने गरी ल्याउन माग गरिन् । सांसद गोपाल शर्माले मध्यपहाडी लोकमार्गको रुकुम पश्चिम क्षेत्रका



केही पुल अलपत्र भएकाले समयमै सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद गोविन्द पन्थीले बेरोजगार युवा रोजगारीका लागि विदेश गएर काम गर्दा विभिन्न खालका असहज अवस्थामा पर्दा त्यहाँस्थित नेपाली राजदूतावास मुकदर्शक बनेको आरोप लगाए ।

सांसद गङ्गा छन्त्यालले अपाङ्गता भएका दीपक भण्डारीले सामाजिक सञ्जालमार्फत इच्छा मृत्युको माग गरेकाले त्यस्ता किन आयो भनी छानबिन गरेर समस्या समाधान गर्न माग गरिन् । सांसद गङ्गादेवी श्रेष्ठले प्रधामन्त्रीले काठमाडौँ महानगरपालिकाको प्रमुख हुँदा राखेको 'ग्रेटर नेपाल'को नक्सा कता गयो भनी प्रश्न गरेकी थिइन् ।

सांसद चन्दनकुमार सिंहले कृषि प्रधान देश भनिए पनि किसान सिँचाइ, मल र बीउबाट पीडित भएको, खेतीमा भविष्य नदेखेर युवा विदेशिएकाले कृषिमा आवश्यक व्यवस्था गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराए ।

सांसद कमल सुवेदीले दाङको टरिगाउँ विमानस्थल उपेक्षामा परेको बताउदै त्यस क्षेत्रका सडक पनि दयनीय अवस्थामा रहेर दुर्घटना बढेकाले सडक बनाउन पर्याप्त बजेटको व्यवस्था गरियोस् भनी माग गरे ।

सांसद कुलभक्त शाक्यले काठमाडौँको सामाखुसी, रानीबारी क्षेत्रमा चार मिटरको मापदण्डका नाममा डोजर आतङ्क सिर्जना भएको भनी दुःख व्यक्त गर्दै भूमिहीन सुकुमवासीका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गरे ।

सांसद ऐनबहादुर महरले भने, सडक दुर्घटनामा परी हरेक दिन नेपालीको ज्यान गइरहेको प्रसङ्ग उल्लेख गर्दै सडक दुर्घटना न्यूनीकरण तथा रोकथामका लागि पहल होस् ।

**संसद्मा व्यवस्थित समाचार सङ्कलन कक्ष व्यवस्था गर्न माग**

संसद्मा समाचार सङ्कलन गर्ने पत्रकारका लागि सहज रुपमा काम गर्ने व्यवस्था गर्न सांसदले माग गरेका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकको शून्य समयमा सांसद खगेन्द्र सुनारले संसदीय समाचार सङ्कलनमा खटिएका पत्रकारलाई घाममा बस्नुपर्ने, पानी पिउन नपाउने र शौचालय जाने समेत उचित व्यवस्था नभएकाले सरोकारवालाको ध्यानाकर्षण गराएका हुन् ।

संसदीय मामिलामा समाचार सङ्कलन गर्ने पत्रकारका लागि नयाँ संसद् भवनमा स्थान अभाव छ । बानेश्वरस्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा मिडिया सेन्टरको व्यवस्था भए पनि अहिलेको भवनमा सहज व्यवस्था नभएपछि सांसदले संसद्मै यो विषय उठाएका हुन् । बानेश्वरमा संसद सञ्चालन हुँदा पनि मिडिया सेन्टरमै सुरक्षाकर्मी पनि बस्ने गर्दा हल्लाले समाचार सङ्कलन गर्न कठिन हुने गरेको थियो ।

सांसद खेमराज कोइरालाले पशुधन र पशु अधिकारको रक्षा गर्न आगामी वर्ष विशेष बजेट उपलब्ध गराउन माग गरे । सांसद गणेश कार्कीले मोरङ क्षेत्र नं ३ को भूमि समस्या समाधान गर्न माग गरे ।

सांसद गणेश धिमालले पर्यटकीय स्थल सिम्रौनगढको विकासका लागि त्यहाँ जाने सडकको मुआब्जा दिएर अलपत्र रहेको सडक निर्माण पूरा गर्न माग गरे । सांसद गणेश पराजुलीले चक्रपथको काम लामो समयदेखि अलपत्र भएकाले छिटो काम गराउन माग गरे ।

सांसद गणेश पौडेलले रौतहट क्षेत्र नं ४ मा बाग्मतीको कटानले पुर्जा भएको जग्गाका धनी पनि सुकुमवासी भएको सुनाउँदै ऐलानी जग्गामा बसेकालाई स्थानीय तहले छोड भनी सूचना टाँस गरेर आतङ्कित बनाएको बताए ।

सांसद गणेशबहादुर विश्वकर्माले दासप्रथाको अवशेषका रुपमा रहेका हरुवाचरुवा आदिलाई १०० बुँदे कार्यक्रममा नराखिएकाले अहिले राजधानीमा आइपुगेको बताए । उनले उनीहरुको समस्या समाधान गर्न माग गरे ।

सांसद गणेशसिंह ठगुन्नाले दार्चुलाको दुम्लिङमा झोलुङ्गे पुल निर्माण गर्न माग गरे । दार्चुलामा टावर जडानमा ढिलाइ भएकाले छिटो सञ्चार सेवा उपलब्ध गराउन उनले माग गरे ।

सांसद गीता गुरुङले विद्यार्थी राजनीति अराजकता हो भने छानबिन सांसदहरुबाट नै सुरु गर्न र सत्तारूढ दलका नेतामाथि पनि उठेको प्रश्नको छानबिन गरी कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिइन् । सांसद गीताकुमारी सेन्दाङले आगामी वर्षको बजेट भुइँमान्छेलाई पनि छुने गरी ल्याउनुपर्ने माग गरिन् । सांसद गोपाल शर्माले मध्यपहाडी लोकमार्गको रुकुम पश्चिम क्षेत्रका केही पुल अलपत्र भएकाले समयमै सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद गोविन्द पन्थीले बेरोजगार युवा रोजगारीका लागि विदेश गएर काम गर्दा विभिन्न खालका असहज अवस्थामा पर्दा त्यहाँस्थित नेपाली राजदूतावास मुकदर्शक बनेको बताए । वैदेशिक रोजगारीमा गएर पीडित भई कानुनबमोजिम तोकिएको रकम प्राप्त गर्न पीडितले कुर्नुपर्ने अवस्थाको अन्त्य गर्न माग गरे ।

सांसद गङ्गा छन्त्यालले अपाङ्गता भएका दीपक भण्डारीले सामाजिक सञ्जालमार्फत इच्छा मृत्युको माग गरेकाले त्यस्तो किन आयो भनी छानबिन गरेर समस्या समाधान गर्न माग गरिन् । सांसद गङ्गादेवी श्रेष्ठले प्रधामन्त्रीले काठमाडौँ महानगरपालिकाको प्रमुख हुँदा राखेको ग्रेटर नेपालको नक्सा कता गयो भनी प्रश्न गरेकी थिइन् । मुस्ताङको युरेनियम खानी कसैलाई दिएको भनी सार्वजनिक भएकाले के हो भनी त्यसको वास्तविकता जनसमक्ष ल्याउनुपर्नेमा जोड दिइन् । सरकारमा रहेका मन्त्रीहरुले सार्वजनिक गरेको सम्पत्तिमा उल्लेख गरिएका सुनको बिल सार्वजनिक गर्न पनि सांसद श्रेष्ठले माग गरेकी थिइन् ।

सांसद चन्दनकुमार सिंहले कृषि प्रधान देश भनिए पनि किसान सिँचाइ, मल र बीउबाट पीडित भएको, खेतीमा भविष्य नदेखेर युवा विदेशिएकाले कृषिमा आवश्यक व्यवस्था गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराए । सांसद कमल सुवेदीले दाङको टरिगाउँ विमानस्थल उपेक्षामा परेको बताउदै त्यस क्षेत्रका सडक पनि दयनीय अवस्थामा रहेर दुर्घटना बढेकाले सडक बनाउन पर्याप्त बजेटको व्यवस्था गर्न माग गरे ।

सांसद कुलभक्त शाक्यले काठमाडौँको सामाखुसी, रानीबारी क्षेत्रमा चार मिटरको मापदण्डका नाममा सरकारले डोजर लगाएर हटाउन खोजेकाले ज्येष्ठ नागरिकको पनि बिचल्ली भएको बताउँदै भूमिहीन सुकुमवासीका समस्या समाधान गर्नुपर्ने बताए ।

सांसद ऐनबहादुर महरले बझाङका भुवन बोहरा नवलपरासीमा दुर्घटनामा परी निधन भएकाले सडक दुर्घटना न्यूनीकरणलाई प्राथमिकता दिने किसिमको व्यवस्था गर्न माग गरे । रासस

# जलाशय नहुँदा सुक्खापन बढेको कर्जाहीमा अहिले तरकारीखेती विस्तार

**देउखुरी ।**
घोराही उपमहानगरपालिका–१७ कर्जाहीमा छ वर्ष अघिसम्म जलाशय नहुँदा सुक्खापन बढेको थियो । हिउँदमा जहिले पनि इनार, कुँवालगायत पानीका मुहान सुक्ने गर्दछन् । यस क्षेत्रमा सुक्खायाममा खानेपानीको समस्या हुने गरेको स्थानीय ७८ वर्षीय कालीचरण चौधरीले बताए ।

उनका अनुसार गाउँ नजिकैको सामुदायिक वन क्षेत्रमा रहेको सिमसार क्षेत्र संरक्षणका लागि प्रदेश र स्थानीय सरकारको एक करोडको लागत र स्थानीयको पहलमा विसं २०७७ मा जलाशय बनेको हो । दुई बिघामा क्षेत्रफलमा फैलिएको यो जलाशयको गहिराइ छ मिटर छ । यो जलाशयमार्फत सिँचाइ सुविधा पुग्न थालेपछि ‘पहिले खानेपानी हुँदैनथ्यो, अहिले तरकारीखेती विस्तार’ ले गति लिएको स्थानीय बताउँछन् ।



यो जलाशय निर्माण भएपछि १०० बिघा जमिनमा सिँचाइ पुगेको चौधरीले जानकारी दिए । उनले भने, “पहिले मानिस र गाईवस्तुलाई पेटभरि पानी खुवाउन नसक्ने गाउँले अहिले सहरका मानिसलाई पेटभरि तरकारी खुवाउन सक्ने भएका छौँ । १५० घरका सबैले खेती गरेका छौँ ।” आफ्नो जमिनले नपुगेकाले छेउछाउको जमिन भाडामा ल्याएर बाह्रै महिना तरकारीखेती गरेर आम्दानी गर्ने गरेको उनले बताए ।

घोराही–१७ कर्जाहीका पूर्ण चौधरी ५२ वर्षको भए । उनले स्नातकसम्म अध्ययन गरे पनि अहिले व्यावसायिक कृषि पेसा गर्दै आएका हुन् । आफ्नो एक बिघा र भाडामा लिएको छ कठ्ठा जमिन व्यावसायिक रूपमा तरकारीखेती गर्दै आएका छन् । चौधरीले व्यावसायिक तरकारीखेती गर्न थालेको पाँच वर्ष भएको जानकारी दिए ।

पछिल्लो समय एकयाममा तरकारी बिक्री गरेर ९० हजारदेखि एक लाखसम्म आम्दानी भइरहेको उनले बताए । “पाँच वर्ष अघिसम्म गाउँमा व्यावसायिक खेती हुँदैनथ्यो । कर्जाहीको जलासय विस्तार भएपछि मात्रै पानीको पहुँच पुग्यो र खेती सुरु भयो”, उनले भने ।

सोही ठाउँकी ७२ वर्षीया सुशीला चौधरी धनिया उखेल्दै गरेको अवस्थामा भटिए । उनका खेतमा धनिया, लौका, करेला, काक्रा र भिन्डी फलेका छन् । बिहान र बेलुकाको समय उनी तरकारी बारीमा भेटिन्छन् । करिब १८ कठ्ठा जमिनमा खेती गरेको तरकारीले वार्षिक दुई लाखभन्दा बढी आम्दानी हुने गरेको उनले जानकारी दिए । पानीको सुविधा भएपछि गाउँँका सबैले व्यावसायिक खेती गर्न थालेका बताउँदै सुशीलाले यसबाट स्वरोजगार बन्नुका साथै बाँझो जमिन हराभरा हुन थालेका उल्लेख गरे । तरकारीखेती गरेपछि घरमा खान भएको छ, बिक्री गरेर आम्दानी भएको छ । पानीले नयाँ जीवन दिए जस्तो भएको छ, उनले भने ।

ताल संरक्षणसँगै अप्रत्यक्ष रूपमा वातावरण संरक्षण र प्रत्यक्ष रूपमा आम्दानीमार्फत जीविकोपार्जनलाई जोड्ने कामले खेतीपातीमा सहजता थपिएको सुशीलाले बताए । स्थानीयलाई माछापालन, प्राकृतिक कृषिसम्बन्धी तालिम, ज्ञान, सीप दिने र बजारसम्म जोड्ने कामको अभियान घोराही उपमहानगरपालिकाले गरिरहेको छ ।

कर्जाही गाउँबाट दैनिक ५० हजार बराबरको तरकारी बिक्री हुने गरेको कर्जाही ड्याम लिफ्ट सिँचाइ आयोजनाका अध्यक्ष प्रशु चौधरीले जानकारी दिए । उनका अनुसार गाउँका २५० परिवारको १०० बिघा जमिनमा सिँचाइ पुगेको छ ।

अध्यक्ष चौधरीले भने, अहिले गाउँका मानिस घरमा होइन सबै खेतबारीमा मात्रै भेटिन्छन् । तरकारीखेती गर्न, टिप्न र बजारमा बिक्री गर्न भ्याइनभ्याइ हुन्छ । पानीले सबैको जीवन परिवर्तन गरिदिएको छ । खेती नगर्ने कुनै घर छैन धेरै थोरै होला बाह्रै महिना किसान खेतवारीमा व्यस्त रहने गरेको उनको भनाइ छ । आम्दानी वृद्धिसँगै पोषणमा सुधार भएको चौधरीले बताए । रासस

# स्कटल्यान्डमाथि नेपालको सहज जित, रोहित र ईशानको उत्कृष्ट ब्याटिङ



**काठमाडौं ।**
आईसीसी विश्वकप लिग–२ क्रिकेटमा नेपालले स्कटल्याण्डलाई ६ विकेटले पराजित गरेको छ ।

कप्तान रोहित पौडेल र ईशान पाण्डेको उत्कृष्ट साझेदारीले नेपालले सहजै खेल जित्यो । १९५ रनको लक्ष्य नेपालले ३८.१ ओभरमा चार विकेट गुमाएर पूरा गर्यो ।

खेलमा रोहित ७४ रनमा अविजित रहे भने ईशानले ५५ रन बनाए ।

आसिफ शेखले २९ र कुशल भुर्तेलले २८ रन जोडे । बलिङतर्फ स्कटल्याण्डका मार्क वाटले दुई तथा ब्रेन्डन म्याकमुलेनले एक विकेट लिए ।

टस जितेर ब्याटिङ थालेको स्कटल्याण्ड ३९.१ ओभरमा १९४ रनमा अलआउट भयो । बलिङतर्फ नेपालका ललित राजवंशीले चार तथा सन्दीप लामिछानेले तीन विकेट लिँदा नन्दन यादव, दीपेन्द्रसिंह ऐरी र सोमपाल कामीले एक–एक सफलता हात पारे ।

# चीनसँगको सहमतिले अमेरिकी किसानमा नयाँ भरोसा

**वासिङ्टन ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच बेइजिङमा सम्पन्न उच्चस्तरीय शिखर सम्मेलनपछि चीनले अमेरिकी कृषि उत्पादनहरूको खरिद उल्लेखनीय रूपमा बढाउने सहमति जनाएको छ । विशेषगरी गोमांस, कुखुराको मासु र भटमासजस्ता उत्पादनको व्यापार विस्तार गर्ने समझदारी भएपछि लामो समयदेखि व्यापार युद्धको असर झेलिरहेका अमेरिकी किसानहरूमा नयाँ आशा जागेको छ ।



ह्वाइट हाउसले आइतबार सार्वजनिक गरेको विवरणअनुसार चीनले सन् २०२६ का लागि वार्षिक १७ अर्ब अमेरिकी डलर बराबरका अमेरिकी कृषि उत्पादन खरिद गर्ने सहमति जनाएको छ । यही स्तरको खरिद सन् २०२७ र २०२८ मा पनि कायम राखिने बताइएको छ । ट्रम्प प्रशासनले यसलाई अमेरिकी कृषि क्षेत्रका लागि महत्त्वपूर्ण उपलब्धिका रूपमा प्रस्तुत गरेको छ ।

सम्झौताअनुसार चीनले अमेरिकी गोमांसको बजार पहुँच पुनः खुला गर्नेछ भने अमेरिकी कृषि विभागले बर्ड फ्लूबाट मुक्त घोषणा गरेका राज्यहरूबाट कुखुराको मासु आयात फेरि सुरु गर्नेछ । यी प्रतिबद्धताहरू यसअघि चीनले अमेरिकी भटमास खरिदका लागि जनाएको सहमतिभन्दा अतिरिक्त हुने ह्वाइट हाउसले जनाएको छ ।

व्यापार युद्धका कारण विगत केही वर्षयता अमेरिकी किसानहरूले चीनजस्तो विशाल बजार गुमाउँदै आएका थिए । विशेषगरी भटमास किसानहरू सबैभन्दा बढी प्रभावित भएका थिए, किनकि चीन परम्परागत रूपमा अमेरिकी भटमासको सबैभन्दा ठूलो विदेशी खरिदकर्ता मानिन्थ्यो । ट्रम्प प्रशासनले चिनियाँ वस्तुहरूमा अतिरिक्त कर लगाएपछि चीनले अमेरिकी भटमास खरिद लगभग बन्द गरिदिएको थियो ।

अमेरिकी कृषि विभागको तथ्याङ्कअनुसार चीनले सन् २०२२ मा अमेरिकाबाट करिब ३८ अर्ब डलर बराबरका कृषि वस्तु आयात गरेको थियो । तर व्यापार तनाव चर्किँदै जाँदा यो रकम घटेर सन् २०२५ मा केवल आठ अर्ब डलरमा सीमित भएको थियो । त्यसमध्ये भटमास खरिद मात्रै सन् २०२२ मा करिब १८ अर्ब डलर बराबर रहेकामा २०२५ मा घटेर तीन अर्ब डलरमा झरेको थियो ।

ह्वाइट हाउसका अनुसार गत अक्टोबरमा भएको व्यापार युद्धविरामपछि चीनले चालु बजार वर्षमा एक करोड २० लाख मेट्रिक टन अमेरिकी भटमास खरिद गर्ने तथा आगामी तीन वर्षमा प्रत्येक वर्ष दुई करोड ५० लाख मेट्रिक टन खरिद गर्ने प्रतिबद्धता जनाएको छ । यद्यपि यसपटकको नयाँ सम्झौतामा चीनले भटमास खरिद कति थप बढाउनेछ भन्ने स्पष्ट भइसकेको छैन ।

यसबीच चीनले खाद्य सुरक्षालाई राष्ट्रिय सुरक्षासँग जोडेर हेर्न थालेपछि कृषि आयातको स्रोत विविधीकरण पनि गरिरहेको छ । अमेरिकी उत्पादनमा निर्भरता घटाउँदै चीनले ब्राजिल, अर्जेन्टिना लगायत अन्य देशहरूबाट पनि भटमास, गोमांस र अन्य कृषि सामग्रीको आयात बढाएको छ ।

चिनियाँ पक्षबाट भने सम्झौताका सबै सर्तहरूको तत्काल औपचारिक पुष्टि भएको छैन । तथापि, चीनको वाणिज्य मन्त्रालयले शनिबार दुवै पक्षबीच कृषि वस्तुसम्बन्धी ‘केही गैर–भन्सार अवरोध र बजार पहुँचका मुद्दामा महत्त्वपूर्ण प्रगति’ भएको जनाएको थियो ।

मन्त्रालयका प्रवक्ताका अनुसार अमेरिकाले दुग्धजन्य उत्पादन, समुद्री खाद्य पदार्थ तथा अन्य कृषि निर्यातसम्बन्धी चिनियाँ चासोलाई सम्बोधन गर्न सक्रिय भूमिका खेल्नेछ । बदलामा चीनले अमेरिकी गोमांस प्रशोधन केन्द्रहरूको दर्ता र केही राज्यहरूबाट कुखुराको मासु आयातसम्बन्धी अमेरिकी चिन्तालाई सम्बोधन गर्ने प्रतिबद्धता जनाएको छ ।

दुवै देशले ‘विशिष्ट उत्पादनहरूको दायरा’ मा परस्पर शुल्क कटौती गर्ने विषयमा पनि सहमति जनाएको चिनियाँ पक्षले बताएको छ । यद्यपि कुन–कुन उत्पादनमा शुल्क घटाइनेछ भन्नेबारे विस्तृत विवरण सार्वजनिक गरिएको छैन ।

ट्रम्प–सी शिखर सम्मेलन केवल कृषि व्यापारमै सीमित रहेन । दुवै नेताले अमेरिकी व्यवसायहरूलाई चिनियाँ बजारमा थप पहुँच दिने र अमेरिकी उद्योगहरूमा चिनियाँ लगानी बढाउने विषयमा पनि छलफल गर्नुभएको थियो । त्यसका लागि व्यापार तथा लगानीसम्बन्धी छुट्टाछुट्टै संयुक्त समिति स्थापना गर्ने समझदारी बनेको छ । यी संयन्त्रहरूले गैर–संवेदनशील वस्तुको व्यापार व्यवस्थापन तथा लगानीसम्बन्धी विवाद समाधानमा सहकार्य गर्ने अपेक्षा गरिएको छ ।

ह्वाइट हाउसका अनुसार व्यापार समितिले दुई देशलाई विशेष उत्पादनहरूमा शुल्क कटौतीलगायतका विषयमा निरन्तर संवादको माध्यम प्रदान गर्नेछ । चिनियाँ वाणिज्य मन्त्रालयले पनि दुवै देशले सम्बन्धित सरोकारका उत्पादनमा ‘समान स्तरमा शुल्क घटाउने सिद्धान्त’ मा सहमति जनाएको उल्लेख गरेको छ ।

यसैबीच ट्रम्प प्रशासनमाथि अर्को दबाब पनि बढिरहेको छ । अमेरिका र इजरायलले इरानविरुद्ध सुरु गरेको युद्धका कारण हर्मुज जलघाँटी हुँदै हुने ढुवानी प्रभावित बनेको छ । यसले विश्वव्यापी मल आपूर्तिमा अवरोध सिर्जना गर्दै मूल्य वृद्धि गराएको छ, जसको असर अमेरिकी किसानहरूले समेत महसुस गर्न थालेका छन् ।

अमेरिकी गोमांस उद्योगले पनि यो सम्झौताबाट राहतको अपेक्षा गरेको छ । ह्वाइट हाउसका अनुसार टाइसन र कार्गिलजस्ता कम्पनीद्वारा सञ्चालित सयौँ अमेरिकी गोमांस प्रशोधन केन्द्रहरूले फेरि चीनमा निर्यात गर्न पाउने भएका छन् । चीनले गत वर्ष सयौँ अमेरिकी गोमांस प्रशोधन केन्द्रहरूको अनुमति नवीकरण नगरेपछि अमेरिकी निर्यात तीव्र रूपमा घटेको थियो । अमेरिकी कृषि विभागको तथ्याङ्कअनुसार चीनमा अमेरिकी गोमांसको निर्यात मूल्य २०२५ मा ५० करोड डलरभन्दा कममा झरेको थियो, जबकि चीनले २०२२ मा मात्रै दुई अर्ब १४ करोड डलर बराबरको अमेरिकी गोमांस खरिद गरेको थियो ।

कुखुराको मासु निर्यातमा पनि उल्लेखनीय गिरावट आएको थियो । अमेरिकाबाट चीनतर्फ कुखुराको मासु तथा सम्बन्धित उत्पादनहरूको निर्यात २०२५ मा २८ करोड ६० लाख डलरमा सीमित भएको थियो, जबकि २०२२ मा यो रकम एक अर्ब डलरभन्दा बढी थियो ।

भटमास अमेरिकी कृषि निर्यातको प्रमुख आधारमध्ये एक मानिन्छ । चीनमा पशुखाद्य तथा जैव इन्धन उत्पादनका लागि व्यापक रूपमा प्रयोग हुने भटमासको निर्यातले विगतमा अमेरिकाबाट चीन जाने कुल कृषि निर्यातको झन्डै आधा हिस्सा ओगट्थ्यो ।

अमेरिकी कृषि विभागका अनुसार मे ७ सम्म अमेरिकाले चीनतर्फ एक करोड नौ लाख मेट्रिक टन भटमास निर्यात गरिसकेको छ ।

यसले चालु बजार वर्षको अन्त्यसम्म चीन आफ्नो अघिल्लो खरिद प्रतिबद्धता पूरा गर्ने दिशामा रहेको सङ्केत गरेको छ । तर यो मात्रा विगतमा चीनले खरिद गर्दै आएको दुई करोड ५० लाखदेखि तीन करोड मेट्रिक टनको तुलनामा अझै निकै कम हो ।

मार्च अन्त्यमा ट्रम्पको बेइजिङ भ्रमणको प्रारम्भिक योजना सार्वजनिक हुँदा अमेरिकी भटमास सङ्घले चीनसँगको वार्तामा भटमासलाई प्राथमिकता दिन आग्रह गरेको थियो । सङ्घका अध्यक्ष स्कट मेट्जरले बजारमा स्थायित्व र निश्चितता कायम हुनु किसानहरूका लागि अत्यन्त आवश्यक रहेको बताए ।

उनले अमेरिकी किसानहरू आगामी वर्षका लागि लगानी र उत्पादनसम्बन्धी निर्णय गर्न बजारप्रतिको विश्वास महत्त्वपूर्ण हुने उल्लेख गर्दै चीनबाट थप खरिद प्रतिबद्धता र त्यसको कार्यान्वयन निरन्तर देख्न चाहेको बताए । रासस

# कङ्गो र युगान्डामा इबोला फैलिँदै, ८८ जनाको मृत्यु



**अबुजा ।**
विश्व स्वास्थ्य सङ्गठनले कङ्गो र छिमेकी युगान्डामा फैलिएको इबोला प्रकोपलाई अन्तर्राष्ट्रिय चासोको सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको छ । दुर्लभ भाइरसका कारण फैलिएको यस प्रकोपमा हालसम्म ३०० भन्दा बढी शङ्कास्पद सङ्क्रमण र ८८ जनाको मृत्यु भइसकेको जनाइएको छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार, यो प्रकोप हालको अवस्थामा कोरोना महामारीजस्तो विश्वव्यापी महामारीको स्तरमा नपुगेको भए पनि अन्तर्राष्ट्रिय फैलावटको जोखिम बढ्दै गएको छ । सङ्गठनले देशहरूलाई अन्तर्राष्ट्रिय सीमा बन्द नगर्न पनि आग्रह गरेको छ ।

सङ्गठनले कङ्गोको राजधानी किन्शासामा समेत प्रयोगशालाबाट पुष्टि भएको इबोला सङ्क्रमण भेटिएको जनाएको छ । किन्शासा, प्रकोपको केन्द्र मानिएको पूर्वी इतुरी प्रान्तबाट करिब एक हजार किलोमिटर टाढा पर्छ । सङ्क्रमित व्यक्ति इतुरीबाट यात्रा गरेर आएको बताइएको छ ।

उत्तरी किभु प्रान्तमा पनि शङ्कास्पद बिरामीहरू फेला परेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । उक्त क्षेत्र कङ्गोको अत्यधिक जनसङ्ख्या भएको क्षेत्रमध्ये एक हो र इतुरीसँग सीमा जोडिएको छ ।

पूर्वी कङ्गोको सबैभन्दा ठूलो शहर गोमामा पनि पहिलो इबोला सङ्क्रमण पुष्टि भएको स्थानीय प्रशासनले जनाएको छ । सङ्क्रमित व्यक्ति इतुरीबाट आएको र हाल आइसोलेसनमा राखिएको बताइएको छ ।

गोमा शहर सन् २०२५ मा विद्रोही समूहहरूको तीव्र आक्रमणको केन्द्र बनेको थियो ।

कङ्गो सरकार र रुवाण्डा समर्थित एम–२३ विद्रोही समूहबीचको द्वन्द्वका कारण लाखौँ मानिस विस्थापित भएका छन् ।


इबोला अत्यन्त सङ्क्रामक रोग मानिन्छ । सङ्क्रमित व्यक्तिको रगत, बान्ता, वीर्य तथा अन्य शारीरिक तरल पदार्थमार्फत यो भाइरस सर्ने गर्दछ । यो रोग दुर्लभ भए पनि गम्भीर र प्रायः घातक हुने चिकित्सकहरूले बताएका छन् ।

विश्व स्वास्थ्य सङ्गठनको आपत्काल घोषणाले अन्तर्राष्ट्रिय सहायता निकाय र विभिन्न देशहरूलाई तत्काल सहयोग र समन्वयका लागि दबाब सिर्जना गर्ने अपेक्षा गरिएको छ ।

अफ्रिकास्थित विश्व स्वास्थ्य सङ्गठनको क्षेत्रीय कार्यालयले ३५ जना विशेषज्ञहरूको टोली इतुरी प्रान्तको राजधानी बुनियामा पुगेको जनाएको छ । टोलीसँग सात टन आपत्कालीन औषधि तथा स्वास्थ्य सामग्री पनि पठाइएको छ ।

यसअघि पनि अफ्रिकामा विभिन्न संक्रामक रोग फैलिँदा विश्व स्वास्थ्य सङ्गठनले विश्वव्यापी स्वास्थ्य आपत्काल घोषणा गरेको थियो । तर आवश्यक खोप, परीक्षण सामग्री र औषधि प्रभावित देशहरूमा समयमै नपुगेको भन्दै आलोचना हुने गरेको छ । रासस

# सुनकोशीको बेलिब्रिज झिकिएपछि समस्यामा स्थानीय



**खोटाङ ।**
सुनकोशीस्थित फोक्सिङटार र बङ्शिलाघाटको अस्थायी बेलिब्रिज झिकिएसँगै खोटाङ पूर्वी तराईसँगको सीधा यातायात सम्पर्कबाट विच्छेद भएको छ । निरन्तरको वर्षापछि सुनकोशी नदीमा पानीको बहाव बढेसँगै फरक–फरक सडकखण्डमा पर्ने फोक्सिङटार र बङ्शिलाघाटको अस्थायी बेलिब्रिज निकालिएको हो ।

पूर्वी तराईका विभिन्न जिल्ला जोड्ने दुईवटा नाकामा जडान गरिएको अस्थायी बेलिब्रिज निकालेपछि स्थानीयवासी समस्यामा परेका छन् । फोक्सिङटार र बङ्शिलाघाटमा मोटरेबल पक्की पुल नहुँदा हिउँदको समयमा जडान गर्ने र वर्षात् लागेपछि पुनः खोलेर राख्नेगरी अस्थायी बेलिब्रिजको विकल्प अगाडि सारिएको हो ।

मौसम परिवर्तनसँगै निरन्तरको वर्षाले सुनकोशीमा पानीको सहत बढेसँगै गत वैशाख २७ गतेबाट बङ्शिलाघाटको बेलिब्रिज निकाल्न थालिएको पूर्वाधार विकास कार्यालय खोटाङका प्रमुख बिनम दाहालले जानकारी दिनुभएको छ । खोटाङको बराहपोखरी गाउँपालिका–५ पौवासेरा र उदयपुरको चौदण्डीगढी नगरपालिका–१ जोड्ने बङ्शिलाघाटस्थित सुनकोशीमा पहिलोपटक अस्थायी बेलिब्रिज जडान गरिएको हो ।

बङ्शिलाघाटको अस्थायी बेलिब्रिजले खोटाङका जन्तेढुङ्गा, बराहपोखरी र खोटेहाङ गाउँपालिका तथा भोजपुरका केही गाउँका नागरिकलाई तराई आवतजावतमा सुविधा दिएको थियो ।

बङ्शिलाघाटको अस्थायी बेलिब्रिज हटाएपछि करिब छ महिना झोलुङ्गे पुलमार्फत पूर्वी तराईका जिल्ला आवतजावत गर्नुपर्ने बाध्यता पुनः दोहोरिएको स्थानीय युवराज मगरले जानकारी दिएका छन् ।

बङ्शिलाघाटको अस्थायी बेलिब्रिजका लागि आवश्यक सामग्री कोशी प्रदेश सरकारअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयले एक करोड ८७ लाख बजेटमा खरिद गरी पूर्वाधार विकास कार्यालय खोटाङलाई हस्तान्तरण गरेको थियो । बङ्शिलाघाटको अस्थायी बेलिब्रिज गुरुकुल विल्डर्स एन्ड सप्लायर्स प्रालि रौतहटले मूल्य अभिवृद्धि करसहित रु ५७ लाख बजेटमा ठेक्का लिएको हो ।

बङ्शिलाघाटमा मोटरेबल पक्की पुल निर्माणका लागि रु १९ करोड १८ लाख ४१ हजार ४०० लागतमा ३३ महिनाभित्र पुल निर्माण सम्पन्न गर्ने गरी कालिका–वेदांसी जेभीले सम्झौता गरेको छ । विसं २०७९ मङ्सिर १ गते सम्झौता गरेर निर्माण सुरु गरिएको मोटरेबल पुल निर्माणमा निर्माण कम्पनीको ढिलासुस्ती भएको स्थानीयले आरोप लगाएका छन् ।

फोक्सिङटारको अस्थायी बेलिब्रिज जेठ ३ गतेबाट पूर्णरूपमा यातायात बन्द गरेर निकाल्न सुरु गरिएको गाईघाट दिक्तेल सडक योजना कार्यालयका सूचना अधिकारी इन्जिनियर सुमन गोलेले जानकारी दिएका छन् । सगरमाथा लोकमार्गमा पर्ने दिक्तेल–गाईघाट सडकखण्डको सुनकोशीस्थित फोक्सिङटारको अस्थायी बेलिब्रिज गत पुस २७ गतेबाट सञ्चालनमा ल्याइएको थियो ।

फोक्सिङटारमा अस्थायी बेलिब्रिज जडान गर्ने ठेक्का एमए÷एस आर्यन कन्स्ट्रक्सन मल्टी पर्पोज प्रालि कटारी–३ उदयपुरले लिएको थियो । ठेकेदार कम्पनी एमए÷एस आर्यन कन्स्ट्रक्सन मल्टी पर्पोज प्रालि कटारीले मूल्य अभिवृद्धि कर ९भ्याट०सहित रु ९६ लाख ७७ हजार ९३७ मा जठान र निकाल्नेगरी ठेक्का सम्झौता गरेको हो ।

खोटाङको खोटेहाङ गाउँपालिका–९, लिच्कीराम्चे र उदयपुरको रौतामाई गाउँपालिका–५, आँपटार जोड्ने फोक्सिङटारस्थित सुनकोशीमा निर्माण गरिएको मोटरेबल पुल गत वर्ष असोज १२ गतेको बाढीले बगाएको थियो । निर्माण सम्पन्न भएर सञ्चालनमा आएको वर्ष दिन नपुग्दै बाढीले बगाएपछि अस्थायी बेलिब्रिजको भर पर्नुपर्ने अवस्था आएको हो ।

सुनकोशीको फोक्सिङटारमा मोटरेबल पक्की पुल पुनः निर्माण नभएसम्म खोटाङवासीको समस्या यथावत रहने उद्योग वाणिज्य सङ्घ खोटाङका अध्यक्ष राजनप्रसाद आचार्यले बताएका छन् ।

फोक्सिङटारको अस्थायी बेलिब्रिज हटाएपछि पूर्वी तराईका जिल्लाबाट खोटाङ भित्रिने यातायातका साधन घुर्मी–कटारी हुँदै जयरामघाट तारेर ल्याउनुपर्नेहुन्छ । खोटाङ्गे जनताका लागि यो घुमाउरो बाटो हो, उनले भने, मध्यपहाडी लोकमार्गमा पर्ने घुर्मी–कटारी हुँदै जयरामघाट तारेर ल्याइने दैनिक उपभोग्यवस्तुको मूल्यसमेत वृद्धि हुन्छ । यसप्रति सम्बन्धित निकायले बेलैमा ध्यान दिन जरुरी छ ।

फोक्सिङटारमा बाढीले बगाएको मोटरेबल पक्की पुल पुनर्निर्माणका लागि आवश्यक बजेट सुनिश्चित भएको बताइए पनि अहिलेसम्म कुनै प्रक्रिया अगाडि बढेको छैन । दिक्तेल–गाईघाट सडकखण्डमा पर्ने फोक्सिङटारमा मोटरेबल पक्की पुल पुनः निर्माणका लागि अर्थमन्त्रालयले गत वर्षको चैतमा ३५ करोड बजेट सुनिश्चित गरेको नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय सदस्य विशाल भट्टराईले जानकारी दिएका थिए । रासस

# कोरलानाका डिप बोरिङ प्रविधिबाट खानेपानी



**मुस्ताङ ।**
उत्तरी कोरलानाकामा डिप बोरिङ प्रविधिमार्फत खानेपानी निकालिएको छ । लोमान्थाङ गाउँपालिकाको पहलमा उक्त विधिबाट गरिएको परीक्षण सफल भएको हो ।

समुद्री सतहको (४६१०) मिटरको उचाइमा अवस्थित नेपाल–चीन सिमानामा पर्ने कोरलानाकाको दशगजा क्षेत्र सुक्खा पठार क्षेत्र हो । यही सीमावर्ती क्षेत्रको ट्रान्जिट प्वाइन्ट २४ नं सीमास्तम्भ नजिकै डिप बोरिङमार्फत खानेपानी निकालिएको हो ।

उक्त कार्यका एसियन कन्ट्रक्सन एण्ड ड्रिलिङ कम्पनी दोलखासँग रु ३० लाख बजेट खर्च भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत न्युटर्न लम्सालले जानकारी दिए । पठारको जमिन खनेर पाइपलाइनमार्फत नौ दिनको प्रयासमा परीक्षण सफल भएको हो ।

डिप बोरिङ प्रविधिबाट पानी निकालेपछि स्थानीय व्यापारीलाई सहज भएको छ । डिप बोरिङमार्फत पानी निकालिएपछि गाउँपालिकाका जनप्रतिनिधि कोरलानाका पुगेका थिए ।

यसअघि कोरलानाका व्यापारी पानीका लागि सीमापारी चीनबाट सहयोग माग्दै आएका थिए भने केही व्यापारीले १६ किमी दूरीको लोमान्थाङ–१ न्हेचुङबाट ट्याक्टरमार्फत ढुवानी गर्दै आएका थिए ।

नाकामा खानेपानी व्यवस्था भएपछि व्यापारी, पर्यटक तथा चालकलाई ठूलो सहयोग पुगेको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले जानकारी दिए । खानेपानी सम्बन्धित निकायमा परीक्षण गरिने छ । रासस

# बिहेभोजको खर्च कटाएर टोलमा सडकबत्ती जडान



**म्याग्दी ।**
म्याग्दीको मंगला गाउँपालिका– २ कोलवाङका एक दम्पतीले बिहेभोजमा हुने खर्च कटाएर आफ्नो टोलमा सडकबत्ती जडान गरेका छन् ।

हालै विवाहबन्धनमा बाँधिएका कोलवाङका प्रकाश खत्री र राधिका धिताल खत्रीले व्यक्तिगत लगानीमा सडकबत्ती जडान गरेका हुन् ।

सडकबत्ती जडान भएपछि रातको समयमा उज्यालो हुँदा हिँडडुल गर्न सहज, सुरक्षित महसुस र चितुवालगायत वन्यजन्तुको आवतजावत घटेको कोलवाङ टोल सुधार संस्थाका अध्यक्ष पूर्णबहादुर विश्वकर्माले जानकारी दिए ।

'नवदम्पतीलाई टोल सुधार समिति र स्थानीय बिहानी आमा समूहले सडकबत्तीको आवश्यकता दर्शाएका थियौँ', उनले भने, 'हाम्रो प्रस्ताव स्वीकार गरी प्रकाश र राधिकाले १४ वटा ३० वाट र तीनवटा ५० वाट क्षमताको सडकबत्ती, तारलगायत सबै सामग्री व्यक्तिगत खर्चमा उपलब्ध गराउनुभयो ।'

मंगला गाउँपालिकाले बिजुलीको पोलबाहेकका ठाउँमा सडकबत्ती राख्न तीनवटा पोल उपलब्ध गराएको छ । टोल सुधार समितिका अध्यक्ष विश्वकर्माले दुई दिन लगाएर बत्ती जडान गरेका हुन् । सिम, कोलवाङ, कुहुँ जाने सडक र काफलचौरको झोलुङ्गे पुलसम्म बत्ती जडान गरिएको छ । रात परेपछि बल्ने र उज्यालोमा निभ्ने स्वचालित सडकबत्ती जडान गरिएको हो । यसअघि रातको समयमा चितुवा बस्तीमा पस्ने गरेको थियो । झलमल्ल भएपछि चितुवा बस्ती पस्न डराएको र स्थानीयवासी ढुक्क भएको टोल सुधार समितिका अध्यक्ष विकले बताए । कोलवाङमा २२ घरपरिवारको बसोबास छ ।

प्रकाशका बुबा चित्रबहादुर र दाजु विकास खत्रीले यसअघि कोलवाङहुँदै ताराखेत जोड्ने पदमार्ग निर्माण गरेका थिए । हाल प्रकाश र उनकी पत्नीले जडान गरेको सडकबत्तीले पनि बस्तीमा सुविधा पुगेको छ ।

# किसानको घरदैलोमै पुगेर पशुपन्छीको औषधोपचार



**म्याग्दी ।**
म्याग्दीको बेनी नगरपालिका–३ भकिम्लीमा पशुपालन गर्ने किसानका घरदैलोमा पुगेर पशुपन्छीको उपचार गरिएको छ । सदरमुकाम बेनीबाट भौगोलिक रूपमा टाढाको दूरीमा पर्ने भकिम्लीमा निःशुल्क पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर सञ्चालन गरेर नगरपालिकाले घरदैलोमै पशुपन्छीको उपचार गरेको हो ।

आयोजित शिविरमा ७७ जना किसानका करिब तीन हजार ५०० पशुपन्छीका लागि औषधि वितरण गरिएको नगरपालिकाका सहायक पशु चिकित्सक प्रदीप गौतमले जानकारी दिए । उनका अनुसार शिविरमा गाईभैँसी, बाख्रा, कुखुरालगायतका लागि औषधि वितरणका साथै घरदैलो गरी पशुपन्छीको स्वास्थ्य जाँच तथा उपचारसमेत गरिएको छ ।

शिविरमा नगरपालिकाका पशु चिकित्सक डा सुदीप पौडेल, सहायक पशु चिकित्सक गौतम, प्राविधिक सूर्यलाल नेपाली, हरिकृष्ण पौडेल, महित मल्लिकसहित प्रशिक्षार्थी प्राविधिक करुणा पुन र भूमिका पुनले पशुपन्छीको उपचार तथा किसानलाई औषधि वितरण गरेका थिए ।

ग्रामीण भेगमा पशुपालन गर्ने किसानलाई घरदैलोमा औषधोपचार सेवा दिन शिविर सञ्चालन गरी सेवा प्रदान गरिएको नगरपालिकाका पशु चिकित्सक पौडेलले जानकारी दिए । उनका अनुसार शिविरमा किसानलाई पशुपालनका सम्बन्धमा प्राविधिक परामर्श पनि प्रदान गरिएको छ ।

शिविरमा आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण तथा बाँझोपन निवारणको औषधि वितरण गर्नुका साथै पाचक, क्याल्सियम, मिनरललगायत औषधि वितरण गरिएको थियो । शिविरका क्रममा भकिम्लीका विभिन्न टोलबस्तीमा पशु प्राविधिकको टोलीद्वारा घरदैलो गरी पशुको स्वास्थ्योपचार, गर्भ परीक्षण, गाइभैँसीको पेटमा किल्लाकाँटीको परीक्षणका साथै गाईभैँसी र बाख्रामा जुम्रा, किर्ना, उपियाँ, लुतोलगायत समस्याको समेत औषधोपचार गरिएको थियो ।

भकिम्लीमा व्यावसायिक रूपमा बाख्रा, कुखुरा, गाइभैँसीपालन हुँदै आएको छ । नयाँ किसान प्राविधिक ज्ञान नहुँदा पशुपन्छीको स्वास्थ्योपचारमा अनविज्ञ भएको अवस्थामा शिविरबाट पशुपन्छीको उपचारसँगै प्राविधिक परामर्श सेवाबाट लाभान्वित बनेको वडाध्यक्ष पदमबहादुर पुनले बताए ।

बेनी नगरपालिकाले पशु सेवा शाखामार्फत वडा तहमा पशु स्वास्थ्य शिविर सञ्चालन गरेर पशुपालक किसानको समस्यामा सहजीकरण गर्दै आएको छ । नगरपालिकाले किसानलाई उत्पादनमा आधारित नगद अनुदानसमेत वितरण गर्दै आएको छ । रासस

# दश महिनामा करिब छ अर्ब राजस्व सङ्कलन




**बागमती ।**
आन्तरिक राजस्व कार्यालय हेटौँडा मकवानपुरले चालु आर्थिक वर्ष २०८२/८३ को १० महिनामा करिब रु छ अर्ब राजस्व सङ्कलन गरेको छ । कार्यालय प्रमुख युक्तप्रसाद सुवेदीका अनुसार बक्यौता असुली र बजार अनुगमनलाई तीव्रता दिएकाले आर्थिक वर्ष २०८१/८२ को तुलनामा रु ३४ करोड २१ लाख २४ हजार बढीअर्थात् रु पाँच अर्ब ९२ करोड ६४ लाख राजस्व सङ्कलन भएको छ ।

चालु आवको वैशाखसम्ममा अन्तशुल्कतर्फ रु तीन अर्ब ४५ करोड ६२ लाख ६५ हजार, आयकरतर्फ रु एक अर्ब दुई करोड चार लाख ९६ हजार, मूल्यअभिवृद्धि करतर्फ रु ८२ करोड ७१ लाख ५२ हजार, स्वास्थ्य जोखिम करतर्फ रु ५१ करोड ९२ लाख ५९ हजार, ब्याजकरतर्फ रु छ करोड ८३ लाख ७७ हजार र बहालकरतर्फ रु एक करोड ५९ लाख ८८ हजार राजस्व सङ्कलन भएको छ ।

प्रमुख सुवेदीका अनुसार चालु आवमा रु आठ अर्ब ४४ करोड राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य छ । करदाताहरुको घरमा पुग्ने, टेलिफोन र एसएमएसमार्फत ताकेदा गर्ने, कर छुटसम्बन्धी सुविधाबारे प्रचारप्रसार गर्नेलगायतका अभियान सञ्चालन गरी करिब रु १० करोडभन्दा बढी पुरानो बक्यौता असुली भएको प्रमुख सुवेदीले बताए । रासस

# राष्ट्रिय आर्थिक गणनाः करिब ८७ प्रतिशत सम्पन्न

**काठमाडौँ ।**
राष्ट्रिय तथ्याङ्क कार्यालयले सुरु गरेको दोस्रो 'राष्ट्रिय आर्थिक गणना, २०८२' मा हाल सम्म ८७ दशमलव शून्य आठ प्रतिशत गणना सम्पन्न भएको छ । थापाथलीस्थित कार्यालयमा आज आयोजित पत्रकार सम्मेलनमार्फत गणनाको हालसम्मको प्रगति विवरण सार्वजनिक गरिएको हो ।

कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी एवं प्रवक्ता ढुण्डीराज लामिछानेले वैशाख २ गतेदेखि सुरु भएको गणना आगामी असार ७ गतेसम्म जारी रहने बताए । यस बीचमा देशभरका गणकहरूले स्थलगत तथ्याङ्क सङ्कलन गरी हालसम्म आठ लाखभन्दा बढी कागजी फारम र १० हजारभन्दा बढी 'इसेन्सस टोकन' बाँडिसकेका उले जानकारी दिए ।

कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी डा कमलप्रसाद पोखरेलले स्थलगत विवरण सङ्कलन सक्रिय रूपमा भइरहेको बताउँदै गणनामा खटिने प्रतिष्ठानहरूले सत्य, तथ्य विवरण उपलब्ध गराई दिनहुन आग्रहसमेत गरे । उनका अनुसार खास गरी रेडियोमा काम गर्ने सञ्चारकर्मीले गणना भइरहेको बारे प्रचारप्रसार गरेर सहजीकरण गरिदिन अनुरोध गरे । प्रमुख तथ्याङ्क अधिकारी डा पोखरेलले सरकारलाई आगामी लक्ष्य पूरा गर्न राष्ट्रिय आर्थिक गणना महत्त्वपूर्ण आधार बन्न सक्ने धारणा राखे । प्रतिष्ठान, व्यवसायको संरचना, संख्या, विवरण र रोजगारी तथा आर्थिक विवरण प्राप्त गर्ने, कुल ग्रार्हस्थ्य उत्पादन तथा राष्ट्रिय लेखाका अन्य अनुमानलाई समयसापेक्ष सुदृढीकरण गर्ने, प्रतिष्ठानमा आधारित सर्वेक्षण सञ्चालन गर्नका लागि तथ्याङ्कीय 'स्याम्पल फ्रेम' प्राप्त गर्ने, सङ्घीय संरचनामा सबै सरकारलाई आर्थिक विकासको नीति, योजना तथा कार्यक्रम तर्जुमा र मूल्याङ्कन गर्नेलगायत उद्देश्यका लागि आर्थिक गणना प्रभावकारी हुने उनले बताए । कार्यक्रममा सहभागी रेडियोकर्मीहरूले सरकारले सरकारी विज्ञापन कटौती गर्न नहुने धारणा राख्दै विभिन्न चरणमा सात प्रकारका कर तिर्नुपर्ने झन्झटिलो प्रक्रियाबाट पीडित हुनुपरेको गुनासो गरे । पत्रकार सम्मेलनमा सहभागी नेपाली रेडियो नेटवर्कका प्रबन्ध निर्देशक अमृत अधिकारीले आमजनतामा अझै पनि लोकप्रिय र प्रभावकारी माध्यम रेडियो भएको बताउँदै राज्यले यसको संरक्षणका लागि लचिलो नीति अपनाउनुपर्ने धारणा राखे । उनले कर छुट र विज्ञापनमा सहजीकरण गरिदिँदा रेडियो बाँच्ने आधार सिर्जना हुने भन्दै सरकारसँग सोका लागि आग्रह गरे । रासस

# मुख्यमन्त्री यादवले शुक्रबार विश्वासको मत लिने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले शुक्रबार प्रदेश सभामा विश्वासको मत लिने भएका छन् । सत्ता साझेदार जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लागेका छन् ।
गत २२ गते जनमत पार्टी संसदीय दलका नेता चन्दन सिंहले सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए । यस अघि मुख्यमन्त्री यादवले सदनबाट विश्वासको मत लिन खोजे पनि नेपाली कांग्रेसभित्रको किचलो र जसपा नेपालको अलमलको कारण उनले विश्वासको मत लिन सकेन ।
जेठ १ गते नै मुख्यमन्त्री यादवले विश्वासको मत लिने कार्यसूची रहेको थियो । तर अन्तिम समयमा कार्यसूची नै फेरबदल गरिए पछि विवाद उत्पन्न भएको थियो । सोही विषयलाई लिएर कार्यव्यवस्था परामर्श समितिको बैठक पछि कांग्रेस एक्यबद्ध भएको छ भने जसपा नेपाल पनि सकारात्मक भएको थियो । सोही अनुसार आउँदो शुक्रबार मुख्यमन्त्री यादवले विश्वासको मत लिने भएका छन् ।

# पोखरिया नगरपालिकाः खरिद नियम विपरित कार्य गरेको तथ्य फेला




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक खरिद प्रक्रिया र परामर्श सेवा खरिदमा नियम विपरीत काम गरेको तथ्य फेला परेको छ ।
महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को आर्थिक प्रतिवेदन अनुसार नगरपालिकाले सार्वजनिक खरिद नियमावलीको मापदण्ड उल्लङ्घन गर्दै प्रतिस्पर्धाबिनै सोझै खरिद गरेको, परामर्श सेवामा आवश्यक तयारी नगरेको तथा खर्चको पर्याप्त आधार प्रस्तुत गर्न नसकेको पाइएको छ ।
महालेखापरीक्षकको प्रतिवेदन अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८(४) ले एक लाख रुपैयाँभन्दा बढीको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन आपूर्तिकर्तासँग लिखित रूपमा दरभाउ पत्र तथा प्रस्ताव माग गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ ।
तर पोखरिया नगरपालिकाले उक्त कानुनी व्यवस्था पालना नगरी विभिन्न शीर्षकमा १० लाख ४५ हजार ७०३ रुपैयाँ बराबरको खरिद गरेको पाइएको हो ।

# इरानमा पक्राउ परेका नेपाली नागरिक रिहा भएको गलत सूचनाप्रति मन्त्रालयद्वारा माफी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
इरानमा पक्राउ परेका नेपाली नागरिक अमृत झा रिहा भइसकेको भनी गलत सूचना सार्वजनिक गरेको विषयमा परराष्ट्र मन्त्रालयले कूटनीतिक वृत्त र आम नागरिकसमक्ष माफी मागेको छ ।
इरानको स्थानीय अदालतमा झाविरुद्धको मुद्दा अझै विचाराधीन रहेको र उनी थुनामै रहेको पुष्टि भएपछि मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गर्दै यसअघि परराष्ट्रमन्त्री शिशिर खनालद्वारा सार्वजनिक गरिएको भ्रामक विवरणप्रति गम्भीर गल्ती स्वीकार गरेको हो ।
राज्यको संवेदनशील निकायबाट बिनाप्रमाण एक महिनाअघि नै रिहाइको झुटो प्रचार गरिएका कारण सरकारी सञ्चार संयन्त्रको विश्वसनीयतामाथि नै गम्भीर प्रश्न खडा भएको छ । मन्त्रालयका अनुसार गत अप्रिल १५ मा इरानका लागि नेपाली अनररी कन्सल साहराम सान्तिएले कतारस्थित नेपाली कार्यवाहक राजदूत कुमार राईलाई झा रिहा भएको गलत सूचना पठाएका थिए ।
सोही सूचनाका आधारमा परराष्ट्रको सम्बन्धित महाशाखा प्रमुखले मन्त्री खनाल र सचिव अमृतबहादुर राईलाई जानकारी गराएपछि मन्त्रालयले हतार–हतार झा रिहा भएको अनौपचारिक विज्ञप्ति जारी गरेको थियो ।

# एलपी ग्यासको अनुदान खारेजी गरेर विद्युतीय चुल्होमा अनुदान दिने सरकारको योजना



**मधेशदृष्टि**
**काठमाडौं ।**
सरकारले 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' सार्वजनिक गर्दै खाना पकाउने एलपी ग्यासको अनुदान खारेजी गरेर विद्युतीय चुल्होमा अनुदान उपलब्ध गराउने योजना अघि सारेको छ ।
सरकारले आगामी १० वर्ष (आर्थिक वर्ष २०९२÷९३) सम्म विद्युतीय चुल्होमा अनुदान दिने निती तयारी गरेको हो । ऊर्जा मन्त्रालयका अनुसार विद्युतीय चुल्होमा अनुदान दिने र स्वच्छ ऊर्जाको खपत बढाउने सरकारको लक्ष्य छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनताको सुझावका लागि उक्त रणनीति सार्वजनिक गरेको छ ।
उक्त रणनीतिमा खाना पकाउने एलपी ग्यासको प्रयोग घटाउँदै न्यून गर्ने लक्ष्य राखिएको छ । बर्सेनि खाना पकाउने ग्यासका लागि ठूलो धनराशि खर्च हुने गरेको छ । यही रकम कटौती गर्ने उद्देश्यका ऊर्जा मन्त्रालयले 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' तय गरेको जनाएको छ ।

# चुरे दोहन र बजेट कार्यान्वयनप्रति जसपा संरक्षक महन्थ ठाकुरको चिन्ता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जसपा नेपालका संरक्षक महन्थ ठाकुरले मधेश क्षेत्रमा भइरहेको चुरे दोहन तथा बजेट कार्यान्वयनको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएका छन् । राष्ट्रिय सभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको सोमबार बसेको बैठकमा धारणा राख्दै ठाकुरले विकासका नाममा योजना अघि बढाइए पनि व्यवहारमा अपेक्षित परिणाम नदेखिएको टिप्पणी गरे ।
उनले चुरे र भावर क्षेत्रमा भइरहेको अनियन्त्रित प्राकृतिक स्रोत दोहनका कारण मधेशमा गम्भीर वातावरणीय तथा मानवीय संकट बढ्दै गएको बताए । अत्यधिक उत्खननका कारण वर्षायाममा उत्तरी क्षेत्रमा कटान र दक्षिणी क्षेत्रमा डुबानको समस्या झन् भयावह बन्दै गएको उनको भनाइ थियो ।
ठाकुरले महिनौँसम्म बस्ती डुबानमा पर्दासमेत राज्यका निकायले आवश्यक चासो नदिएको भन्दै असन्तुष्टि व्यक्त गरे । वातावरणीय असन्तुलन र भौतिक विनाशका कारण कतिपय क्षेत्रमा विगतमा सञ्चालनमा रहेका विद्यालयसमेत बन्द हुने अवस्थामा पुगेको उनले उल्लेख गरे ।
बजेट विनियोजन र खर्च प्रक्रियामाथि प्रश्न उठाउँदै उनले विकासका लागि छुट्याइएको रकमको प्रभावकारी उपयोग हुन नसकेको आरोप लगाए । उनले भने, 'हामी चुरे विनाशको कुरा गरिरहेका छौँ, तर त्यहाँबाट ढुङ्गा, गिट्टी, बालुवा निकाल्ने क्रम रोकिएको छैन । भावर क्षेत्रको अवस्था पनि उस्तै छ । बजेट जान्छ, तर त्यसको प्रतिफल देखिँदैन । आधा बजेट कहाँ हराउँछ भन्ने थाहा हुँदैन ।'
विगतका वर्षमा विनियोजित बजेट लक्षित वर्गसम्म पुग्न नसकेको उल्लेख गर्दै उनले आगामी बजेट कार्यान्वयन परिणाममुखी हुनुपर्नेमा जोड दिए ।
उनका अनुसार विकास योजना कागजमै सीमित नभई जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी लागू हुन आवश्यक छ । बैठकमा ठाकुरले सरकारलाई मधेशको संवेदनशील भूगोल र समस्यालाई गम्भीरतापूर्वक बुझेर विकास योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न ध्यानाकर्षणसमेत गराए ।

# राप्रपा नेपालबाट सरिता ठाकुरले लिइन् मधेश प्रदेशसभा सदस्य पदको शपथ




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको समावेशी समूहअन्तर्गत मधेशी समूहको रिक्त रहेको मधेश प्रदेशसभा सदस्य पदको सरिता कुमारी ठाकुरले शपथ लिएकी छन् ।
महोत्तरीको गौशाला नगरपालिका–१२ निवासी ठाकुरलाई निर्वाचन आयोगले गत वैशाख ३० गतेको निर्णयअनुसार प्रदेशसभा सदस्य पदको शपथ ग्रहण गराइएको हो । सभामुख रामअशिष यादवले उनलाई प्रदेशसभा सदस्यको शपथ ग्रहण गराएका छन् ।
ठाकुर निर्वाचित भएपछि पार्टीका नेता तथा कार्यकर्ताले बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् ।
नवनिर्वाचित प्रदेशसभा सदस्य सरिता कुमारी ठाकुरले जनताको अपेक्षाअनुसार काम गर्दै प्रदेशको समृद्धि, सुशासन र समावेशी विकासका लागि सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

# समस्याग्रस्त सहकारीका बचतकर्ताहरुको रकम फिर्ता कार्य सुरु



**मधेशदृष्टि**
**काठमाडौं ।**
सरकारले समस्याग्रस्त सहकारीका साना बचतकर्ताको रकम फिर्ता सुरु गरेको छ । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सोमबार ३ वटा सहकारीका ३ सय ७८ जना साना बचतकर्ताको रकम फिर्ता गरेको हो ।
समितिका अनुसार कान्तिपुर सहकारीका २ सय १५, शिव शिखर बहुउद्देश्यीय सहकारीका १ सय ५६ जना र पशुपति सहकारी ७ जना साना बचतकर्ताले बचत फिर्ता पाएका हुन् । समितिका अनुसार सोमबार पहिलो दिन थोरै बचत रकम भएका बचतकर्ताहरूलाई रकम फिर्ता गरिए पनि अब क्रमश बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर फिर्ता गरिनेछ ।
समितिका अनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ताहरूको करिब ४६ अर्ब रुपैयाँ बचत फिर्ता गर्नुपर्ने छ । तीमध्ये अधिकांश साना बचतकर्ता रहेका छन् ।
पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठूला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ । कूल ७६ हजारमध्ये पाँच लाखभन्दा बढी बचत गर्ने जम्मा १८ हजार रहेको समितिले जनाएको छ ।

# गेरुका नदी स्नान मेला सुरु, श्रद्धालुको घुइँचो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको लोहरपट्टी नगरपालिका अन्तर्गत खुट्टापिपराढीस्थित पवित्र गेरुका नदीमा लाग्ने ऐतिहासिक स्नान मेला सुरु भएको छ । प्रत्येक तीन वर्षमा पर्ने मलमास अर्थात् पुरुषोत्तम मासको अवसरमा आयोजना हुने यो धार्मिक मेला मिथिला क्षेत्रकै महत्वपूर्ण आस्थाको केन्द्र मानिन्छ । धनुषा र महोत्तरी जिल्लाको सीमाक्षेत्रमा रहेको गेरुका नदीमा बिहानैदेखि श्रद्धालु भक्तजनको ठूलो भीड देखिएको छ । भक्तजनहरूले धार्मिक परम्पराअनुसार गेरुका नदी तथा पवित्र कुण्डमा स्नान गरी पूजा–आराधना गरेका छन् ।
जानकी मन्दिरको अगुवाइमा भगवान राम र माता सीताको स्वरूपलाई गेरुका नदीसम्म लगेर विशेष पूजा गरिएको थियो ।
नेपाल तथा भारतको मिथिला क्षेत्रबाट हरेक मलमासमा लाखौँ श्रद्धालु मेला भर्न आउने परम्परा रहिआएको छ । यस वर्ष पनि उल्लेख्य सहभागिता हुने अपेक्षा गरिएको आयोजकहरूले बताएका छन् । धार्मिक मान्यताअनुसार माता सीताले गेरुका नदीमा स्नान गर्ने गरेको उल्लेख मिथिला महात्म्यमा पाइन्छ ।
कन्तावाँ नदी र उत्तरवाहिनी नदीको संगमस्थलका रूपमा परिचित गेरुका नदीमा प्राचीनकालदेखि नै 'मिथिलाको महाकुम्भ' भनेर चिनिने स्नान मेला लाग्दै आएको छ । यस वर्षको मेला जेठ ३ गतेदेखि सुरु भई पूरा मलमास अवधिभर सञ्चालन हुने जनाइएको छ । विशेषगरी आइतबार र मंगलबार भक्तजनको भीड बढी हुने विश्वास छ । मलमासमा गेरुका नदीमा स्नान गरे जानी–नजानी भएका पापबाट मुक्ति मिल्ने धार्मिक विश्वास रहँदै आएको छ ।

# मधेशमा प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सुरु




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा खेलकुद गतिविधिलाई थप सशक्त बनाउने उद्देश्यसहित प्रदेशस्तरीय खेलकुद प्रतियोगिताको उद्घाटन गरिएको छ । मधेस खेलकुद परिषद्का अनुसार प्रदेशभर खेलकुदको विकास, खेलाडीहरूको क्षमता अभिवृद्धि तथा राष्ट्रियस्तरका प्रतियोगिताका लागि दक्ष खेलाडी उत्पादन गर्ने लक्ष्यसहित १९ वटा विधा समेटेर प्रतियोगिता सञ्चालन गरिएको हो ।
परिषद्का सदस्य सचिव शिवजी प्रसाद कानुले मधेश प्रदेशका आठवटै जिल्लाबाट खेलाडी, प्रशिक्षक तथा खेल पदाधिकारीहरूको सहभागिता रहने जानकारी दिए । उनका अनुसार प्रत्येक जिल्लाबाट १६७ पुरुष खेलाडी, १०८ महिला खेलाडी, १८ प्रशिक्षक तथा १० व्यवस्थापक गरी ३०३ जनाको सहभागिता रहनेछ । यसअनुसार आठ जिल्लाबाट कुल २ हजार ४७२ खेलाडी, प्रशिक्षक तथा व्यवस्थापक प्रतियोगितामा सहभागी हुने परिषद्ले जनाएको छ ।
उनका अनुसार, महिला भलिबल, राष्ट्रिय खुला हाफ म्यारथन, कराँते र फुलकन्टेक्ट महिला÷पुरुष प्रतियोगिता जनकपुरधाममा भइरहेको छ । टेबल टेनिस महिला÷पुरुष महोत्तरीको जलेश्वरमा, ह्यान्डबल पुरुष महोत्तरीकै कान्ति बजारमा, फुटबल चन्द्रपुरमा, तेक्वान्दो महिला÷पुरुष निजगढमा भइरहेको छ ।
यस्तै, खो–खो र वास्केटबल पुरुषको कलैयामा, शारिरिक सुगठन पुरुष, जुडो महिला÷पुरुष वीरगन्जमा, ब्याडमिन्टन पुरुष मलगंवामा र आटीएफ महिला÷पुरुष लालबन्दीमा भइरहेको छ ।
भारोत्तोलन महिला÷पुरुष राजविराजमा, उसु र डोरीतान सप्तरीमा हुने आयोजकले जनाएको छ । बुद्धिचाल पुरुष सिरहाको गोलबजारमा, रग्वी सिरहामा र हक्की महिला÷पुरुष धनुषाको महेन्द्रनगरमा हुन लागेको छ । परिषद्का अनुसार प्रतियोगिताका खेलहरू प्रदेशका विभिन्न खेल मैदान तथा कभर्डहलमा सञ्चालन गरिनेछन् । प्रतियोगितामार्फत युवालाई खेलकुदतर्फ आकर्षित गर्दै अनुशासित, स्वस्थ र प्रतिस्पर्धी समाज निर्माणमा टेवा पुग्ने विश्वास लिइएको छ ।
साथै खेललाई व्यवसायीकरण गर्दै खेलाडी, खेलकुद क्षेत्र र समग्र मधेश प्रदेशको विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षा परिषद्ले गरेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन